# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २८१ | काठमाडौं | सोमबार, २६ माघ २०८२ | Prabhab National Daily | Monday, 09 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


टी-२० विश्वकप क्रिकेट

## इंग्ल्याण्डसँग चार रनको झिनो अन्तरले हाऱ्यो नेपाल

- १८५ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनमा समेटियो
- दीपेन्द्रसिंह ऐरीद्वारा सर्वाधिक ४४ रनको योगदान, कप्तान रोहित पौडेल र लोकेश बमले बनाए समान ३९/३९ रन
- नेपालले अब दोस्रो खेल बिहीबार इटालीसँग खेल्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको आफ्नो पहिलो खेलमा नेपाल इंल्याण्डसँग पराजित भएको छ। भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा आइतबार भएको खेलमा नेपालले उत्कृष्ट प्रदर्शन गरे पनि दुईपटकको विश्वकप विजेता इंग्ल्याण्डसँग चार रनको झिनो अन्तरले पराजित भएको हो।

जितनजिक पुगेर पनि पराजित हुँदा नेपाली क्रिकेट इतिहासमा नयाँ कीर्तिमान कायम गर्ने अवसरबाट नेपाल बञ्चित हुनुपऱ्यो। जितका लागि १८५ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनमा समेटियो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ४४ रनको योगदान दिए। उनले २९ बलमा छ चौका र एक छक्का प्रहार गर्दै ४४ रन जोडे।

यसैगरी कप्तान रोहित पौडेल र लोकेश बमले समान ३९/३९ रन बनाए भने कुशल भुर्तेलले २९ रन जोडे। आरिफ शेखले १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। आसिफ शेख सात रनमा आउट भए भने गुल्सन झा एक रनमा आउट भए।

बलिङमा इंल्याण्डका लियम डसनले दुई विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको इंग्ल्याण्डले निर्धारित २० ओरभमा सात विकेट गुमाउँदै १८४ रनको योगफल बनाएको थियो।

इंग्ल्याडका लागि ज्याकब बेथेल र कप्तान हचारी ब्रुकले अर्धशतक बनाए। ज्याकबले ३५ बलमा चार चौका र चार छक्काको सहयोगमा सर्वाधिक ५५ रन जोडे। यसैगरी कप्तान हचारीले ३२ बल खेल्दै चार चौका र तीन छक्का प्रहार गर्दै ५३ रन बनाए। विल ज्याक्सले अविजित ३९ रनको योगदान दिँदा जस बटलरले २६ रन बनाए।

बलिङतर्फ नेपालका दीपेन्द्रसिंह ऐरी र नन्दन यादवले समान दुई/दुई विकेट लिए भने शेर मल्ल र सन्दीप लामिछानेले समान एक/एक विकेट झारे।

शनिबारदेखि सञ्चालन भएको विश्वकपमा नेपाल समूह 'सी' मा परेको छ। नेपालको समूहमा इंग्ल्याण्डसँगै वेस्ट इण्डिज, इटाली र स्कटल्याण्ड छ। नेपालले आफ्नो दोस्रो खेल यही माघ २९ गते इटालीसँग खेल्ने छ।

# निर्वाचनअघि दल अदलबदलको बढ्दो लहर



शुक्रबार सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाका पूर्वमेयर निमफुञ्जो शेर्पालाई पार्टीमा प्रवेश गराउँदै नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल।



शनिबार गतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्यसहित पाँच जनालाई नेपाली कांग्रेसमा प्रवेश गराउँदै महामन्त्री प्रदीप पौडेल।

■ प्रभाव संवाददाता

- मंगलबार खोटाङमा एमालेबाट केपिलासगढी गाउँपालिका अध्यक्षमा निर्वाचित पूर्वअध्यक्ष कृष्णकुमार राई र शुक्रबार सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाका पूर्वमेयर निमफुञ्जो शेर्पा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रवेश
- शनिबार कांग्रेस महामन्त्री प्रदीप पौडेलले गतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्यसहित पाँच जनालाई कांग्रेसमा भित्र्याए
- पार्टीभित्रको किचलो देखाउँदै कांग्रेस छाडेका कपिलवस्तुका वीरेन्द्रकुमार कनौडियाले कपिलवस्तु-३ बाट पाए टिकट

**काठमाडौं–** सुनसरीका कांग्रेस नेता डा. अब्दुल हुसेन अन्सारी माघ ५ गते एमाले प्रवेश गरे। कांग्रेसमा विशेष महाधिवेशनको कलहले उनी एमाले पसेका थिए। एमाले पसेकै दिन उनले सुनसरी-४ को टिकट पाए। यद्यपि, भोलिपल्टै उनको टिकट खोसियो। यो क्षेत्रमा एमालेले जगदिश कुशियतलाई उम्मेदवार बनायो।

पार्टीभित्र किचलो देखाउँदै कांग्रेस छाडेका कपिलवस्तुका वीरेन्द्रकुमार कनौडियाले भने हुसेनको नियति भोग्नुपरेन। माघ ३ गते एमाले प्रवेश गरेका उनी कांग्रेस कपिलवस्तु क्षेत्र नम्बर ३ बाट उम्मेदवारका लागि एक्लो नाम सिफारिसमा परेका थिए। कनौडियाले सोही साँझ एमालेबाट कपिलवस्तु क्षेत्र नम्बर ३ को टिकट पाए। कनौडिया यसअघि प्रदेश सभामा कांग्रेसको तर्फबाट लुम्बिनी प्रदेश संसदीय दलको नेतासमेत रहेका थिए।

माघ १४ गते कांग्रेस सभापति गगन थापाले आफ्नो चुनावी क्षेत्रमा चार जना वडा अध्यक्षलाई कांग्रेस प्रवेश गराए। सर्लाही-४ मा पर्ने गोडैता नगरपालिका-५ का वडाध्यक्ष प्रकाशप्रसाद गुप्ता भने भोलिपल्टै आफ्नो पार्टी जनता समाजवादी पार्टी (जसपा) फर्किए।

यी त निर्वाचन नजिकिँदा भएका रोचक प्रवेश हुन्। यी बाहेक हिजोआज दलहरूले आफ्नो चुनावी क्षेत्रमा पार्टी प्रवेश गराउने कार्यक्रम बढाइरहेका छन्। दल अदलबदल गर्दै खादामाला लगाउनेको लहर दैनिक बढिरहेकै छ।

शनिबारमात्र कांग्रेस महामन्त्री प्रदीप पौडेलले गतिशील लोकतान्त्रिक पार्टी (गलोपा)का केन्द्रीय सदस्यसहित पाँच जनालाई कांग्रेस प्रवेश गराए। कांग्रेस सभापति थापाको उपस्थितिमा काभ्रे-२ बाट समानुपातिक उम्मेदवार रहेको गलोपाका केन्द्रीय सदस्य डा. अल्का सापकोटा र काठमाडौं-२ बाट समानुपातिक उम्मेदवार एवं केन्द्रीय सदस्य नग्मा खरेल छन्। यसैगरी, संस्थापक केन्द्रीय सदस्य जगन्नाथ लामिछाने, बुसन केडी प्रसाईं र इन्दिरा खाती सुनार पनि कांग्रेस प्रवेश गरे।

लामिछाने २०७९ को निर्वाचनमा यही क्षेत्रका प्रदेश सभा-२ बाट स्वतन्त्र उम्मेदवार थिए। कांग्रेसका पुराना कार्याकर्ता लामिछानेले त्यतिबेला कांग्रेसले श्याम खड्कालाई उम्मेदवार बनाएपछि असन्तुष्टि जनाउँदै बागी उम्मेदवारी दिएका थिए। स्वतन्त्रबाट लडेका खतिवडाले त्यतिबेला ६५२ मत पाएका थिए। कांग्रेसका खड्काले ९ हजार ७४२ मत पाएर निर्वाचित भएका थिए।

> "हेर्दा सामान्य लागे पनि निर्वाचनपूर्व हुने दल अदलबदलले उम्मेदवारहरूको विश्वसनीयता, दलको निष्पक्षता र राजनीतिक स्थिरतामा प्रश्न उठाउँछ।
>
> ■ **अर्जुन अर्याल**
> उपप्राध्यापक, त्रिवि

शुक्रबार सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाका पूर्वमेयर निमफुञ्जो शेर्पा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रवेश गरे। उनलाई नेकपाका संयोजक पुष्पकमल दाहालले पार्टीमा स्वागत गरे। २०७४ मा बाह्रबिसे नगरपालिकामा एमालेबाट मेयर जितेका शेर्पाले माघ ९ गते एमाले परित्याग गरेका थिए।

क्रमश: पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## मलेसियाको श्रमिक भर्तीसम्बन्धी नयाँ योजनामा 'सिण्डिकेट'को आशंका



> टियुआरएपी भन्ने संस्थालाई देखाएर त्यसको निम्ति जिथ्री ग्लोबल नामको कम्पनीलाई आउटसोर्स गर्ने भन्ने उनीहरूले तयारी देखिन्छ। जिथ्री ग्लोबल नामको संस्था मेडिकलमा एकाधिकार कायम गर्ने बंगलादेशका नागरिक अमिनको संस्था हो।
>
> ■ **डिकबहादुर खत्री**
> वरिष्ठ उपाध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल



> मलेसियाको बजारमा धमिलो पानी बनाएर माछा मार्न धेरै प्रयत्नहरु यस अगाडि पनि भएका छन्। त्यसो गर्न खोजिएको हो भने हामी प्रतिरोध गर्न तयार नै छौं।
>
> ■ **महेशकुमार बस्नेत**
> महासचिव, वैदेशिक रोजगार व्यवसायी संघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियाले श्रमिक भर्नामा नयाँ योजना ल्याउने तयारी गरिरहँदा एकाधिकार (सिण्डिकेट) लागू हुनसक्ने भन्दै व्यवसायीले आशंका व्यक्त गरेका छन्। यसअघि पटक-पटक एकाधिकार कायम गर्ने प्रयासहरू भएकाले नयाँ योजनाप्रति सतर्क हुनुपर्ने उनीहरूको भनाइ छ।

मलेसियन सञ्चारमाध्यकाअनुसार मलेसियाले बिचौलियाविना प्रत्यक्ष विदेशी कामदार भर्ना गर्न नयाँ डिजिटल भर्ती प्लेटफर्म सुरु गर्ने योजना बनाएको छ। बिचौलियाका कारण रोजगारीमा जाने कामदारको लागत बढेको भन्दै तेस्रो पक्षको सहभागिता हटाउने विषयमा छलफल भएको बुझिएको छ। सुरक्षा गार्डमा मलेसिया गएका अधिकांश नेपाली कामदारले साढे तीन लाख रूपैयाँभन्दा बढी रकम बुझाएको बताउने गरेका छन्।

त्यहाँका मानव संशाधनमन्त्री दातुक सेरी रामानन रामाकृष्णनले प्रस्तावित भर्ना प्रक्रियालाई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्तुत गर्नुअघि गृह मन्त्रालय र सम्बन्धित सरोकारवालासँग छलफल गर्ने बताएको 'द मलेसियन रिजर्भ'लगायतका सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

मलेसियाको योजना बाहिरीरूपमा ठीकै देखिए पनि यसको भित्री पाटो अर्कै भएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीले बताए। भर्ना प्रक्रियाका लागि प्रस्ताव गरिएको संस्था युनिभर्सल रिक्रुटमेन्ट एड्भान्सड प्लेटफर्म (टियुआरएपी)मा काम गर्ने कर्मचारी बेस्टिनेट नामको संस्थाका भएकाले शंकास्पद भएको उनको भनाइ छ। बेस्टिनेट स्वास्थ्य परीक्षणमा सिण्डिकेट ल्याएका भनिएका बंगाली मुलका मलेसियन नागरिक अमिनले सञ्चालन गरिरहेको संस्था हो।

'त्यहाँको मानव संसाधन र गृह मन्त्रालयका अधिकारीहरूलाई नयाँ सिस्टमका विषयमा बेस्टिनेट भन्ने संस्थाले जनवरी १५ मा ब्रिफिङ गरेको पाइएको छ,' उनले भने, 'टियुआरएपी भन्ने संस्थालाई देखाएर त्यसको निम्ति जिथ्री ग्लोबल नामको कम्पनीलाई आउटसोर्स गर्ने भन्ने उनीहरूले तयारी हो। जिथ्री ग्लोबल नामको संस्था मेडिकलमा एकाधिकार कायम गर्ने बंगलादेशका नागरिक अमिनको संस्था हो।'

सरकारले विवादित व्यक्तिद्वारा सञ्चालित कम्पनीलाई भर्ना प्रक्रियामा समावेश गर्नुले कतै एकधिकारतर्फ जाँदै त छैन ? भन्ने शंका उत्पन्न गराएको खत्रीको भनाइ छ। सुरुआती चरणमै यस्ता कुराको विरोध गऱ्यो भने यसले जरा गाड्न नपाउने उनले बताए।

कामदार भर्ना प्रक्रियामा अनधिकृत व्यक्तिको संलग्नता नहुनु उचित भए पनि कुनै पनि रूपमा आउने एकाधिकार स्वीकार्य नहुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए। विगतदेखि नै यस्ता प्रयासहरू भएकाले यसविरुद्ध उभिन संघ तयार रहेको उनले बताए।

'विभिन्न भेरियन्टमा आएका सिण्डिकेटको संकेत हाम्रा लागि स्वीकार्य हुँदैन। यसलाई नजिकबाट अध्ययन गरिरहेका छौं,' बस्नेतले भने, 'मलेसियाको बजारमा धमिलो पानी बनाएर माछा मार्न धेरै प्रयत्नहरू यस अगाडि पनि भएका छन्। त्यसो गर्न खोजिएको हो भने हामी प्रतिरोध गर्न तयार नै छौं।' मलेसियाजस्तो धेरै कामदार जाने मुलुकमा जिटुजी गर्ने सम्भावना नभएको बस्नेतको भनाइ छ। सरकारले निजी क्षेत्रलाई काम गर्न दिएको अवस्थामा सरकारले आफैं पठाउन थाले ऐनविपरीत हुने उनले बताए।

क्रमश: पृष्ठ २ मा

इम्बोस्ड नम्बर प्लेट विवाद

## अंग्रेजी भाषा प्रयोग नगर्न अन्तरिम आदेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतले सवारीसाधनमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी भाषा प्रयोग नगर्न अन्तरिम आदेश जारी गरेको छ। अदालतको यो आदेशलाई नेपाली भाषा र देवनागरी लिपिको संवैधानिक संरक्षणसँग जोडेर हेरिएको छ।

न्यायाधीशद्वय कुमार रेग्मी र महेश शर्मा पौडेलको संयुक्त इजलासले आइतबार इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी भाषा प्रयोग नगर्न अन्तरिम आदेश जारी गर्दै विपक्षी निकायहरूलाई कारण देखाउन आदेश दिएको हो। अदालतले यस विषयमा पूर्णसुनुवाइ नभएसम्म हाल कायम व्यवस्था कार्यान्वयन नगर्न सरकारलाई निर्देशन दिएको छ।

अधिवक्ता रामबहादुर राउत मातृदासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश सरकारअन्तर्गत उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग तथा इम्बोस्ड नम्बर प्लेट आपूर्ति गर्दै आएको डेकाटुर टाइगर कम्पनी नेपाललाई विपक्षी बनाएर सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।



> सम्मानित अदालतबाट अन्तरिम आदेश भएको छ। यसको सम्मान गर्छौं।
>
> ■ **रामहरि पोखरेल**
> प्रवक्ता, यातायात व्यवस्था मन्त्रालय



> यो आदेशले नेपाली भाषालाई विस्थापित गर्ने प्रयास तत्काल रोकेको छ, सकारात्मक सन्देश प्रवाह भएको छ।
>
> ■ **रामबहादुर राउत**
> अधिवक्ता/रिट निवेदक

रिट निवेदनमा संविधानको धारा ६ ले नेपालमा देवनागरी लिपिमा लेखिएको नेपाली भाषालाई राष्ट्रभाषा मानेको र धारा ७ ले सरकारी कामकाजको भाषा नेपाली हुने स्पष्ट व्यवस्था गरेको उल्लेख गरिएको छ। तर, राज्यका निकायले सवारीसाधनमा अनिवार्य रूपमा अंग्रेजी भाषा प्रयोग गराएर संविधानको मर्मविपरीत काम गरेको दाबी रिटमा गरिएको थियो।

अधिवक्ता राउतले इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी भाषामात्र प्रयोग गर्नु भाषिक उपनिवेशवादको निरन्तरता भएको तर्क गरेका छन्। अदालतको अन्तरिम आदेशपछि प्रतिक्रिया दिँदै उनले यसलाई नेपाली भाषा र राष्ट्रिय पहिचानको जित भएको बताएका छन्। 'यो आदेशले नेपाली भाषालाई विस्थापित गर्ने प्रयास तत्काल रोकेको छ, सकारात्मक सन्देश प्रवाह भएको छ,' उनले प्रभावसँग भने।

सर्वोच्च अदालतको आदेशसँगै देवनागरी लिपिलाई हटाएर अंग्रेजी भाषामात्रै प्रयोग गर्ने गरी लिइएको मन्त्रिपरिषद्को निर्णय तत्काल कार्यान्वयनमा नआउने भएको छ।

क्रमश: पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### निर्वाचनअघि....

शेर्पाझैं मंगलबार खोटाङमा एमालेबाट निर्वाचित पूर्वगाउँपालिका अध्यक्ष कृष्णकुमार राई नेकपामा प्रवेश गरे । २०७४ सालमा एमालेबाट कोपिलासगढी गाउँपालिका अध्यक्ष निर्वाचित राई माघ २० गते नेकपामा प्रवेश गरेका हुन् । नेकपा प्रवेश गरेका राई एमालेका पूर्वसचिवालय सदस्य हुन् । उनी २०७९ को स्थानीय तहको निर्वाचनमा भने पराजित भएका थिए ।

यसरी नै डोल्पामा मितेरी नेपाल पार्टीबाट उम्मेदवारी दर्ता गरेकी जुनु भण्डारी कांग्रेस प्रवेश गरिन् । माघ ९ गते उनी नेपाली कांग्रेस पार्टी प्रवेश गरेकी हुन् । शनिबारमात्र सप्तरी-३ अन्तर्गत पर्ने रूपनी गाउँपालिका अन्तर्गत तत्कालिन रायपुरका पूर्वगाविस उपाध्यक्ष हिरालाल मण्डल कांग्रेस छाडेर जनता समाजवादी पार्टी नेपालमा गरेका छन् । यो जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र हो । निर्वाचन नजिकिँदा पार्टीको प्रचार विभागहरूले आफ्नो दलमा धेरै नेता कार्याकर्ता भित्रिएको भन्दै प्रचारबाजी गर्न थालेका छन् । यसरी प्रचारबाजी गर्नेमा नेपाली कांग्रेस सबैभन्दा धेरै अगाडि देखिएको छ ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक अर्जुन अर्याल निर्वाचनको पूर्वसन्ध्यामा दल अदलबदल गर्नु गम्भीर समस्या भएको बताउँछन् । यसले दलहरूप्रति विश्वसनीयता र राजनीतिक स्थिरतामै प्रश्न उठाउने उनको भनाइ छ । नेपालमा दल अदलबलको घटना सामान्यजस्तो भए पनि यस्तो विषयमा दलहरू गम्भीर हुनुपर्ने अर्यालले बताए ।

'हेर्दा सामान्य लागे पनि निर्वाचनपूर्व हुने दल अदलबदलले उम्मेदवारहरूको विश्वसनीयता, राजनीतिक दलका निष्पक्षता र राजनीतिक स्थिरतामा प्रश्न उठाउँछ,' अर्यालले भने । यस्तो गतिविधि रोक्न कानुनी नियन्त्रणसमेत आवश्यक पर्ने उनी बताउँछन् । विश्वका धेरै देशले निर्वाचनपूर्व यस्ता गतिविधि रोक्न कानुनी प्रावधान नै राखेको देखिन्छ । थाइल्याण्डले उम्मेदवार हुन कम्तीमा ९० दिनसम्म लगातार एउटा दलको सदस्य हुनुपर्ने प्रावधान राखेको छ र ब्राजिलमा निर्वाचनमा उम्मेदवार बन्नका लागि राजनीतिक दलसँग कम्तीमा छ महिनाको सदस्यता हुनुपर्छ ।

संयुक्त अधिराज्यमा कन्जर्भेटिभ र लेबर पार्टीहरूले उम्मेदवार हरूका लागि छ महिनादेखि एक वर्षसम्मको सदस्यता आवश्यक गर्छन् । साइप्रस र डेनमार्कका अधिकांश दलहरूले छ महिनादेखि एक वर्षसम्मको सदस्यता आवश्यक गर्छन् । स्वीडेन, रोमानिया, आयरल्याण्ड, क्रोएसिया, ग्रीस, र अस्ट्रियामा पनि यस्ता नियमहरू सामान्य छन् ।

नेपालमा भने उम्मेदवार बन्न खासै कडा प्रावधान छैन, जसले गर्दा उम्मेदवारहरूले सजिलै दल परिवर्तन गर्न सक्ने जानकारहरू बताउँछन् । जसले गर्दा वर्षौं पार्टीमा खटिरहेका इमान्दार र सक्षम नेता कार्यकर्ता ओझेलमा पर्ने र तरमाराहरू सधैं तर मार्न सफल हुन्छन् ।

■■■

### मलेसियाको...

मानव संसाधनमन्त्री रामाकृष्णनका अनुसार नयाँ प्रणाली यो वर्षको अन्त्यसम्म तयार भइसक्ने छ । सन् २०२८ सम्म मलेसिया आसियानको नैतिक भर्तीको केन्द्र बन्ने उनले बताएका छन् । कामदारहरू बिचौलियामा निर्भर हुँदा अत्यधिक लागत, ऋणको भार र आधुनिक दासत्वको सिकार भइरहेकाले नयाँ प्रणालीका विषयमा स्रोत मुलुकहरूसँग पनि छलफल गरिने उल्लेख गरिएको छ ।

मलेसियामा हाल तीन लाखभन्दा बढी नेपाली कार्यरत छन् । नेपालीहरू विशेषगरी सुरक्षा गार्ड, प्यान्टेसनलगायतका क्षेत्रमा जाने गरेका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार १८७ जना व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर मलेसिया गएका थिए ।

■■■

### अंग्रेजी भाषा...

यसले इम्बोस्ड नम्बर प्लेटको हालको अभ्यास, कानुनी वैधता र सरकारी नीतिमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

सरकारले यसअघि २०७९ चैत २२ गते इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजीसँगै नेपाली भाषा पनि प्रयोग गर्न सकिने गरी कानुन संशोधन गर्ने निर्णय गरेको थियो । तत्कालीन मन्त्रिपरिषद् बैठकले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ संशोधन गर्ने निर्णय लिँदै ऐनको अनुसूची-२ परिमार्जन गर्ने प्रस्ताव स्वीकृत गरेको थियो ।

उक्त संशोधनअनुसार इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजीसहित नेपाली भाषा प्रयोग गर्न सकिने नीति लागू गर्ने तयारी गरिएको थियो । तर, व्यवहारमा भने अधिकांश प्लेटहरू अंग्रेजी अक्षर र अंकमै जारी हुँदै आएका थिए । यही अभ्यासविरुद्ध नागरि कस्तरबाट निरन्तर आलोचना हुँदै आएको थियो ।

भाषाविद् र कानुनविद्हरूले राज्यका पहिचान बोकेका दस्तावेज र चिह्नमा विदेशी भाषा प्राथमिकतामा राख्नु संविधानको भावनाविपरीत भएको बताउँदै आएका छन् । सवारी नम्बर प्लेट नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसमा प्रयोग हुने भाषा झन् संवेदनशील हुने उनीहरूको तर्क छ ।

इम्बोस्ड नम्बर प्लेट प्रणाली सुरक्षा, प्रविधि र अन्तर्राष्ट्रिय मापदण्डसँग जोडिएको भन्दै सरकारले अंग्रेजी प्रयोगलाई औचित्यपूर्ण ठहर गर्दै आएको थियो । तर, कतिपयले देवनागरी लिपी प्रयोग गर्दा प्रविधिगत समस्या नहुने र आवश्यक परे द्विभाषिक व्यवस्था गर्न सकिने विकल्प हुँदाहुँदै अंग्रेजीलाई मात्र प्राथमिकता दिनु नीतिगत त्रुटि भएको बताएका छन् । आइतबारको सर्वोच्च अदालतको अन्तरिम आदेशपछि अब सरकारले आफ्नो नीति र कार्यविधि पुनरावलोकन गर्नुपर्ने अवस्था आएको छ । अदालतले विपक्षी निकायसँग लिखित जवाफ मागेकाले आगामी दिनमा यस मुद्दामा विस्तृत संवैधानिक बहस हुने भएको छ ।

गत १७ भदौमा सबै सवारीसाधनमा अंग्रेजी भाषा र रोमन लिपिमा तयार पारिएका विद्युतीय संकेत संख्या (इम्बोस्ड नम्बर प्लेट) अनिवार्यरूपमा प्रयोग गर्नुपर्ने निर्णय गरेपछि भाषा आयोगले त्यसप्रति गम्भीर आपत्ति जनाएको थियो । आयोगले सो निर्णय संविधानको मर्म र कानुनी व्यवस्थाविपरीत भएको उल्लेख गर्दै उक्त विषयमा पुनः नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो ।

भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा भनिएको थियो, 'नेपालको संविधानको धारा ७ को उपधारा १ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुने स्पष्ट व्यवस्था रहेको छ । त्यसैले विद्युतीय संकेत संख्या (नम्बर प्लेट) देवनागरी लिपिमा राखिनुपर्छ ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलले अदालतको आदेश पालना हुने बताए । 'सम्मानित अदालतबाट अन्तरिम आदेश भएको छ । यसको सम्मान गर्छौं,' उनले भने । यसअघि २०७६ मा सर्वोच्चकै संवैधानिक इजलासले इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी लिपि प्रयोग गर्दा कुनै संवैधानिक र कानुनी त्रुटि नदेखिएको भन्दै रिट बदर गरेको गरेको थियो । यसले सरकारलाई इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी भाषा र रोमन लिपि प्रयोगमा बाधा अड्काउ फुकाऊ भएको थियो ।

तर, विरोध भइरहेपछि सरकारले देवनागरी वा अंग्रेजी लिपिमा वा दुवै लिपिको मिश्रित हुनुपर्नेसम्बन्धी एक निर्णय गरेको थियो । २०८० साल वैशाखमा राजपत्रमा सूचना जारी गर्ने क्रममा सरकारले यो विषय उल्लेख गरेको थियो । भाषिक अभियन्ताहरूले नेपाली भाषामामात्रै इम्बोस्ड नम्बर प्लेटमा लेखिनुपर्ने भन्दै दबाब दिए । यस्तोमा सर्वोच्चमा अधिवक्ता रामबहादुर रिट लिएर पुगेका हुन् । उनको रिटमा अन्तरिम आदेश आएसँगै तत्काल कार्यान्वयन प्रक्रिया रोकिने भएको हो ।

दलित समुदाय भन्छन्

# हाम्रो बस्तीको विकास होस्

**कञ्चनपुर**– आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा कञ्चनपुरमा चुनावी प्रचारप्रसारले तीव्रता पाएको छ । उम्मेदवार समर्थकसहित गाउँ, बस्तीमा पुगेर मतदातासँग भोट माग्न व्यस्त छन् ।

यसैबीच शुक्लाफाँटा नगरपालिका-११ कलुवापुरका दलित समुदायले भने बस्तीको विकास गर्ने उम्मेदवारलाई मतदान गर्ने बताएका छन् । स्थानीयले पक्की पुल निर्माण, नमूना दलित बस्ती, स्वदेशमा रोजगारी, सिँचाइका लागि बोरिङ, सडक बत्ती तथा जग्गाको लालपुर्जा वितरणलगायत माग अघि सारेका छन् । ती माग पूरा गर्ने प्रतिबद्धतासहित विश्वासिला उम्मेदवारलाई मतदान गर्ने बस्तीका अगुवाहरूको भनाइ छ।

'दलित बस्तीलाई नमूना बस्ती बनाउने र स्थानीय खोलामा पक्की पुलको माग पुरानै हो,' स्थानीय धर्मबहादुर सार्कीले भने, 'हालसम्म ती वाचा पूरा भएनन् वर्षौंदेखि खोला वारपार गर्न समस्या छ, पुल निर्माणको आश्वासन धैरै पटक पायौं तर कसैले सुनुवाइ गरेनन् ।'

स्थानीयका अनुसार बस्ती नजिक स्वास्थ्य चौकी नहुँदा उपचारका लागि करिब एक घण्टा पैदल हिँड्नुपर्ने बाध्यता छ । 'स्वास्थ्य चौकी पुगे पनि औषधि अभाव सधैं रहन्छ,' जञ्जाली सार्कीले भनिन्, 'अन्ततः निजी मेडिकलमा गएर चर्को शुल्क तिर्नुपर्ने अवस्था छ, यी समस्या समाधान गर्ने उम्मेदवार हाम्रो रोजाइमा पर्ने छन् ।' बस्तीमा पुग्ने सडकको अवस्था पनि दयनीय रहेको स्थानीयको गुनासो छ । वर्षौंदेखि धुलाम्मे र हिलाम्मे सडकमा आवतजावत गर्नुपरेको भन्दै उनीहरूले स्थानीय तहदेखि प्रदेशसम्म पटक-पटक सडक स्तरोन्नतिका लागि आग्रह गरे पनि सुनुवाइ नभएको बताएका छन् । 'सडक बत्ती जडानको माग पनि पुरानै हो । सधैं आश्वासनमै सीमित रहने, कार्यान्वयन नहुने प्रवृत्ति अन्त्य हुनुपर्छ,' जञ्जालीले भनिन् । सिँचाइका लागि बस्ती नजिक जडान गरिएको एक बोरिङ पर्याप्त नभएको स्थानीय बताउँछन् । *रासस*


**कतारमा रोजगार** कम्पनी : Scientific Global Lab Supplies

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ LT. No. 338705 चलानी नं. ६०२५२१०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | 1000 | ३९,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | 2500 | ९९,२१२ | | | | | | | |
| 3. | Office Cleaner | 2 | 0 | 1000 | ३९,६८४ | | | | | | | |
| 4. | Painter | 2 | 0 | 1200 | ४७,६२१ | | | | | | | |
| 5. | Plumber Assistant | 2 | 0 | 1200 | ४७,६२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD. (Red Sun Solutions Pvt.ltd)

Govt. License 1274/074/75

Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, Mobile : 9801095166
Email: redsun088@gmail.com, Web: www.redsunemployment.com.np



**युएइमा रोजगार** कम्पनी : OASIS CUISINES

पूर्व स्वीकृति मिति : २०८१/०६/१० पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२५ LT. No. 311368 चलानी नं. ६०२२५८७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker-general | 3 | 0 | 1800 | ७०,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 800 | ३१,४८० | | | | | | | |
| 3 | Pastries Maker | 4 | 0 | 1800 | ७०,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services [P.] Ltd.

License No. : 646/063/064

धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**मलेसियामा रोजगार** कम्पनी : DURA GUARD FORCE & CONSULTANCY

पूर्व स्वीकृति मिति : २०८२/०७/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२५ LT. No. 333262 चलानी नं. ६०२४७३३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ६२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.

Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np



**कुवेतमा रोजगार** कम्पनी : PRESTIGE BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ LT. No. 338618 चलानी नं. ६०२५२०८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 3 | 150 | ७०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.

Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com

श्रम इजाजत नं. १५४८/०७८/०७९



**ओरिजिनल सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०८/२९ गते काठमाडौं, बागबजारदेखि कौशल्टारसम्म जाने क्रममा मेरो निम्न व्योहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी ब्याचलर तहको ओरिजिनल सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

Name : Ritchie Sampson
Registration No.: 6-2-446-35-2015
Certificate No.: 2335/57
Address : Bhaktapur
Contact : 984-1622599



**सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०८/१० गते काठमाडौं, चावहिलदेखि नयाँ बालुवाटार जाने क्रममा मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको Bachelor तहको माईग्रेसन र प्रोभिजनल सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : विशाल शाही
रजिस्ट्रेसन.नं.: ७-२-११७-६०-२०१८
रोल नं.: ७०११७००१२
ठेगाना : चावहिल, काठमाडौं
सम्पर्क: : ९७६२३२०६९१



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७७/०८/२९ मा दर्ता भएको प्रा.लि.नं. २४९७६६ को **इन्फिनिटी बेभरेजेज् प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७९/०२/१६ मा दर्ता भएको **प्रा. लि. नं. २९१३५९** को **लगनशिल मल्टिपरपोज एग्रो प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २६ माघ, २०८२**

| | |
|---|---|
| **मेष** | आर्थिक लाभ मिल्नेछ । चराचुरुङ्गी लाई चारो हाल्नाले लाभ मिल्नेछ । |
| **वृष** | अधुरा काम पुरा हुनेछन् । शिवजिको आराधना गर्नु उचित हुनेछ। |
| **मिथुन** | खर्च बढ्नेछ । सदाशिवको ध्यान गर्नुहोला । |
| **कर्कट** | पारिवारिक सुखमा वृद्धि हुनेछ । आमाको आशीर्वाद लिएर दिनको सुरुवात गर्नुहोला । |
| **सिंह** | शत्रुहरू पराजित हुनेछन् । सुर्यलाई जल चढाउनु राम्रो हुनेछ । |
| **कन्या** | बौद्धिक क्षमतामा वृद्धि हुनेछ । गणेश जी को आरधाना गर्नुहोला । |
| **तुला** | घरजग्गाबाट फाइदा पुग्नेछ । दहिको दान गर्नुहोला । |
| **वृश्चिक** | साहस र पराक्रम बढ्नेछ । हनुमान चालिसाको पाठ गर्नुहोला । |
| **धनु** | बोलिको प्रभाव बढ्नेछ । सेतो चन्दनको टीका लगाउनु राम्रो हुन्छ । |
| **मकर** | नयाँ कार्यको थालनी हुनेछ । भोकालाई भोजन गराउनुहोला । |
| **कुम्भ** | खर्च बढेर जान सक्छ । दुर्गा भवानिको ध्यान गर्नुहोला। |
| **मीन** | आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । गुरुजन र वृद्ध वृद्धाको आशीर्वाद लिनुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ माघ, २०८२ (०९ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.७६ | १४५.३६ |
| युरो | १ को | १७०.७० | १७१.४१ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.७२ | १९७.५४ |
| स्विस फ्रैन्क | १ को | १८६.०९ | १८६.८६ |
| अस्ट्रेलियन डलर | १ को | १०१.०१ | १०१.४३ |
| क्यानाडियन डलर | १ को | १०५.७८ | १०६.२२ |
| सिङगापुर डलर | १ को | ११३.६८ | ११४.१६ |
| जापानी येन | १० को | ९.२२ | ९.२६ |
| चिनियाँ युआन | १ को | २०.८६ | २०.९५ |
| साउदी अरब रियाल | १ को | ३८.६० | ३८.७६ |
| कतारी रियाल | १ को | ३९.६१ | ३९.७७ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४१ | ३९.५८ |
| मलेसियन रिङेट | १ को | ३६.६७ | ३६.८२ |
| दक्षिण कोरियन वन | १०० को | ९.८७ | ९.९१ |
| स्विडिस क्रोनर | १ को | १५.९८ | १६.०५ |
| डेनिस क्रोनर | १ को | २२.८६ | २२.९५ |
| हङकङ डलर | १ को | १८.५२ | १८.६० |
| कुवेती दिनार | १ को | ४७३.६९ | ४७५.६५ |
| बहराइन दिनार | १ को | ३८३.९७ | ३८५.५६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘एचपिभी खोप सुरक्षित छ, निर्धक्कसँग लगाउनुहोस्’



**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले पाठेघरको मुखको क्यान्सर सुरुको अवस्थामा पहिचान गर्न सके उपचार गरेर निको हुने बताएकी छन् ।

आइतबारदेखि सुरु भएको पाठेघरको मुखको क्यान्सरविरुद्धको ‘ह्युमन पापिलोमा भाइरस’( एचपिभी) खोप अभियानको भिडियो सन्देशमार्फत सफलताको शुभकामना दिँदै उनले खोप सुरक्षित रहेकाले निर्धक्कसँग लगाउन सबैलाई अनुरोध गरिन् । उनले ३० वर्ष भन्दामाथि सबै महिलाले नियमितरूपमा पाठेघरको मुखको क्यान्सरको परीक्षण गराउनसमेत अनुरोध गरिन् ।

‘पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण एचपिभी भाइरसको संक्रमण हो । उक्त भाइरसविरुद्धको खोपबाट यो रोग रोकथाम गर्न सकिन्छ,’ मन्त्री डा. गौतमले भनिन् । पाठेघरको मुखको क्यान्सरलाई नेपालमा निवारण गर्ने उद्देश्यले गत वर्षदेखि एचपिभी खोपलाई नियमित अभियानअन्तर्गत सञ्चालन गर्दै आइएको उनले बताइन् ।

सरकारले आइतबारदेखि आगामी फागुन १५ सम्म देशव्यापीरूपमा पाठेघरको मुखको क्यान्सरविरुद्ध कक्षा ६ मा पढ्ने किशोरी र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई एचपिभी खोप लगाउन थालेको छ । यस्तै गत वर्षको खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने किशोरी र ११ वर्षदेखि १४ वर्षका विद्यालयबाहिरका किशोरी पनि खोप लगाइने छ ।

मन्त्री गौतमले खोप सुरक्षित र महिलाको जीवन रक्षा गर्ने भएकाले सबैले लगाउनुपर्नेमा जोड दिइन् । उनले आफ्ना बालिकालाई खोप लगाउन अभिभावकले पनि प्रोत्साहन गर्नुपर्ने धारणा राखिन् । नेपालमा हरेक दिन औसतमा छ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखिन्छ भने चार जनाको ज्यान जाने गरेको छ ।

# काठमाडौंको वायु प्रदूषण अस्वस्थ तहमा

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकाको वायु प्रदूषण आइतबार अस्वस्थ तहमा पुगेको छ । हावाको गुणस्तर मापन गर्ने ‘एयर क्वालिटी इन्डेक्स’का अनुसार आइतबार मध्याह्नमा काठमाडौं उपत्यकाको वायु प्रदूषण १७५ एक्युआई पुगेको थियो ।

आइतबार काठमाडौं विश्वका सबैभन्दा प्रदूषित सहरमध्ये सातौं स्थानमा सूचीकृत भएको थियो । उक्त समयमा विश्वकै सबैभन्दा प्रदूषित सहर इजिप्टको कायरो थियो, जहाँ वायु प्रदूषण २७३ एक्युआई मापन गरिएको थियो ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार मौसम सुक्खा रहनु, हावा नचल्नु, उद्योग-कलकारखानाको सञ्चालन तथा तीव्र विकास निर्माणका कारण वायु प्रदूषण बढेको हो । ‘औद्योगिक गतिविधिबाट निस्कने धुवाँ-धुलो, सीमापार (क्रस बोर्डर) प्रदूषण र छिमेकी मुलुक भारतबाट आउने प्रदूषणले पनि प्रभाव पारेको छ,’ उनले भने, ‘पानी नपरेसम्म प्रदूषण अझ बढ्ने सम्भावना छ ।’ सुवेदीले वातावरणमैत्री विकासमा जोड दिन सरोकारवाला निकायलाई सुझाव दिइएको जानकारी दिए ।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीका अनुसार ० देखि ५० एक्युआई राम्रो (हरियो संकेत), ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो संकेत) मानिन्छ । त्यस्तै, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ । १५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ । यस्तो विपद् न्यूनीकरणका लागि फोहोर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि ब्रुमर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरंग, रेडियोधर्मी विकीरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति रहेको छ । साथै प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्सांकन गरिने उल्लेख गरिएको छ ।

# ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रका मतपत्र छपियो

**काठमाडौं (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जानकारी दिएको छ ।

आइतबारसम्म एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेलधुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुंगा, सुनसरी, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, स्याग्दी, पर्वत र बर्दघाट सुस्ता पश्चिम नवलपरासी गरी ३७ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो । यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उनले बताए ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ ।


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुनवलको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/१०/२६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुनवलबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ फागुन १२ गते मंगलबार**का दिन शाखा कार्यालय सुनवलमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौ मिति २०७६/०४/०७ मा द.नं. २१९३५६/०७६/०७७ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १२, भुमही स्थित रजिष्टर्ड कार्यालय रहेको **लुम्बिनी रेम्बो ट्रेड प्रा.लि** ।<br>**संचालकहरू - तारा प्रसाद भण्डारी**<br>**- पदम बहादुर टण्डन**<br>**- विकास काफ्ले**<br>**- अर्जुन पाण्डे** | १. **पदम बहादुर टण्डन**को नाममा मालपोत कार्यालय, नवलपरासी दर्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं. ६ ख स्थित कित्ता नं. ५३५, ५३६, ५३७, २८१, ५३४ र ३२१ को क्षे.फ. क्रमश: ०-६-९, ०-१-९, ०-२-४, ०-१-०, ०-७-११, र ०-१-० (वि.क.धु) जग्गा/घर तथा सो को सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. **तारा प्रसाद भण्डारी**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सौ.फर्साटिकर गा.वि.स वडा नं. ३ घ स्थित कित्ता नं. ५४५, ५३७, ५३९, ५४३ र ५४१ को क्षे.फ. ०-१-१.५-०, ०-१-१९.५-०, ०-१-१३, ०-१-८.५, र ०-१-१७.५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>३. धनि कुमारी बैक लि.(सविक एन.सी.सी.बैंक लि.) र ऋणी **लुम्बिनी रेम्बो ट्रेड प्रा.लि** कायम भई बागमती प्रदेश साना ठुला सवारी यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता कायम रहेको चे.नं. MAJGXXMTKGMB88013, ई.नं. MB88013, सवारी नं. बागमती प्रदेश ०१-०२५ च ७९४७ को Ford Freestlye 1.2 थान १ । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **तारा प्रसाद भण्डारी**<br>ना.प्र.नं.- ३०३६<br>जारी मिति - २०५८/०३/२४, जि.प्र.का. रुपन्देही<br>बाबु - देव नाथ भण्डारी<br>बाजे- टिकाराम भण्डारी<br>स्थायी ठेगाना- रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा, वडा नं. १०<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल. न. पा. वडा नं. १३ | ५. **जुना टण्डन**<br>ना.प्र.नं.- लु.गु.३.नं ९, जि.प्र.का.गुल्मी<br>जारी मिति - २०४५/१२/०६,<br>बाबु - धन बहादुर बन्जाडे<br>पति - पदम बहादुर टण्डन<br>स्थायी ठेगाना- गुल्मी जिल्ला, हर्दिनेटा गाउ पञ्चायत वडा नं. ०८<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. १२ |
| २. **पदम बहादुर टण्डन**<br>ना.प्र.नं.- १६००/०४१/०४२/३२५५<br>जारी मिति - २०४२/०१/२७, जि.प्र.का. गुल्मी<br>बाबु - रण बहादुर टण्डन<br>बाजे - विर सिंह<br>स्थायी ठेगाना- गुल्मी जिल्ला, हर्दिनेटा गा.वि.स., वडा नं. ०८<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल न. पा. वडा नं. १२ | ६. **उमा भुर्तेल**<br>ना.प्र.नं.- ३६२०१४/११९८, जि.प्र.का. नवलपरासी<br>जारी मिति - २०६८/०१/०९<br>बाबु - मणी प्रसाद भुर्तेल<br>पति - विकाश काफ्ले<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स., वडा नं. ०१<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०३ |
| ३. **विकाश काफ्ले**<br>ना.प्र.नं.- ३६१०३८/४३७,<br>जारी मिति - २०६४/०९/१६, जि.प्र.का. नवलपरासी<br>बाबु - तिलक बहादुर काफ्ले<br>बाजे - खडेश्वर काफ्ले<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, सुनवल गा.वि.स., वडा नं. ०३<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल न. पा. वडा नं. ०३ | ७. **अनिल टण्डन**<br>ना.प्र.नं.- ३६१०३९/५३२, जि.प्र.का. नवलपरासी<br>जारी मिति - २०६७/०७/२३<br>बाबु - पदम बहादुर टण्डन<br>बाजे - रण बहादुर टण्डन<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, रामनगर गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. १२ |
| ४. **श्याम कला भण्डारी**<br>ना.प्र.नं.- ८०३९३,<br>जारी मिति - २०६२/०२/२९, जि.प्र.का. स्याङजा<br>बाबु - हिमलाल भट्टराई<br>पति - तारा प्रसाद भण्डारी<br>स्थायी ठेगाना- स्याङजा जिल्ला, पकवादी गा.वि.स., वडा नं. ०१<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल. न.पा. वडा नं. १३ | ८. **अर्जुन पाण्डे**<br>ना.प्र.नं.- ४०१००८/६२०, जि.प्र.का. नवलपरासी<br>जारी मिति - २०६६/०४/०६<br>बाबु - पितम्बर पाण्डे<br>बाजे - डिलाराम पाण्डे<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, रामनगर गा.वि.स., वडा नं. ०१<br>हालको ठेगाना- नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. १२ |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ फागुन ११ गते** भित्र बैंकको शाखा कार्यालय सुनवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुनवलबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ फागुन १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सुनवलमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुनवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ फागुन १२ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय सुनवल फोन नं.०७८-५७०५०१**



## मलेसियामा रोजगार

कम्पनी : SENG KEE CHAN TRADING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ | LT. No. 338617 | चलानी नं. ६०२५२०७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 15 | 0 | 1700 | ६२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 157/056/57
ASHUTOSH MANPOWER CONSULTANCY PVT. LTD.
Basundhara - 3, Kathmandu, Nepal, Tel: +977-1-4959136, 4960446
E-mail : ashutoshmanpower.np@gmail.com, Web: www.manpowernepal.com

## साउदीमा रोजगार

कम्पनी : SAPAD TISSUE CULTURE DATE PALM COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338215 | चलानी नं. ६०२५२०३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 2 | 0 | 1000 | ३८,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74

## मलेसिया/साउदीमा रोजगार

कम्पनी : ANN YAK SIONG HARDWARE SDN BHD — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ | LT. No. 338568 | चलानी नं. ६०२५२०४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 5 | 0 | 1700 | ६२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BRANCH OF SINOPEC TENTH CONSTRUCTION COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२५ | LT. No. 328818 | चलानी नं. ६०२४२६६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 9 | 0 | 1500 | ५७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## तपसिल ऋणीलाई कर्जा चुक्ता गर्न आव्हान गरिएको ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८२/१०/२६) प्रभाब दैनिक**

यस संस्थाको कार्यालय मिनभवन नयाँ बानेश्वरबाट व्यक्तिगत कर्जा लिने तपसिलमा उल्लेखित शेयर सदस्यले कर्जा लिएबापत बुझाउनुपर्ने साँवा, ब्याज अन्य दै-दस्तुर समेतको रकम म्याद भित्रमा नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लघंन गरेको र बारम्बार ताकेताका साथै व्यक्तिगत सम्पर्क गरी कर्जा तिर्न जानकारी एबम यसै पत्रिकामा ३५ दिने सुचना प्रकाशित गरी जानकारी गराउँदा समेत ऋण तिर्न बेवास्ता गरेको हुँदा यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण सावाँ, ब्याज अन्य दै-दस्तुर सहितको सम्पूर्ण रकम बुझाई ऋण चुक्ता गर्नहोला । अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम बमोजिम तपसिलमा उल्लेखित प्रचलित कानुन बमोजिम व्यक्तिको घर घरान वा कानुनी कारवाही गरि संस्थाको लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क.स | नाम | ठेगाना र नागरीकता नं. | ऋणीहरूको तस्वीर | थितो/जमानीको बिबरण |
|---|---|---|---|---|
| १. | नाम- भवनी प्रसाद राई<br>बाबुको नाम- गंगा प्रसाद राई<br>बाजेको नाम- केशर सिंङ्ग राई | काठमाडौं गोलढुङ्गा<br>वडा नं. १<br>ना.प्र.नं. २०१२/२८२०६/१२०३ |  | ललितपुर, चापागाँउ-८, क<br>कित्ता नं.: ३७३, ३७४, ३७५, ३७६<br>क्षेत्रफल : ४५३.०१ ब.मि., ४५३.०१ ब.मि., ४५३.०१ ब.मि., १३५९.२३ ब.मि |

साथै यस संस्थाको कार्यालयबाट अन्य विभिन्न शिर्षकमा कर्जा लिने. ऋणिहरुलाई पनि सावाँ, ब्याज समयमा नबुझाएमा त्यस्ता ऋणिहरुलाई पनि चाँडो भन्दा चाँडो यसैलाई सूचना मानी किस्ता, ब्याज सहित तिर्न आउनुहुन सूचित गरिन्छ । अन्यथा उपरोक्त बमोजिम नै सूचना प्रकाशित गरि कर्जा असुल उपर गर्न समितिको निर्णय भएको हुँदा ऋणि तथा धन जमानी दिने व्यक्तिहरुको मान मर्यादामा प्रतिकुल असर पर्न गएमा संस्था जिम्मेबारी नहुने व्यहोरा समेत सुचित गरिन्छ ।

गोरखा मिलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.
GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.
मीनभवन उकालो, नयाँ-बानेश्वर, काठमाण्डौं जि.पि.ओ. ८५७३, एन.पी.सी. ६७५
फोन नं. ०१-४६२२८८३, ४६२२८४४, ४६२११३७ फ्याक्स : ४६२१५५०



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति २०८२/१०/२६ गते (प्रभाव राष्ट्रिय दैनिक)**

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिमको तिर्न बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघन गरेको र संस्थाबाट लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत संस्थाको लेना रकम चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना प्रकाशित गरेको मितिले ३५ दिन भित्रमा यथाशिघ्र यस संस्थामा सम्पर्क गरी आफुले तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज र हर्जना सहितको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्नुहुन जानकारी गराईन्छ । उल्लेखित मिति भित्र पनि तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जना लगायत सम्पुर्ण रकम संस्थामा दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा लगानी तथा असुली निति तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम ऋणीको तपशिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरि ऋणीलाई कालो सुचीमा सुचिकृत गर्न समेत पठाउने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको विवरण | धनजमानीको विवरण |
|---|---|---|
| १. | **नाम : ज्ञानी महर्जन** <br>बाबु : नन्द लाल महर्जन<br>भन्ने सानू नन्द लाल ज्यापु<br>बाजे : कुलमान महर्जन<br>स्थायी ठेगाना : खोकना-०९, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ४३३<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०४१/०४/०७ | **१. नाम : ज्ञान भक्त डंगोल** <br>बाबु : नन्द डंगोल<br>बाजे : वेगलाल डंगोल<br>स्थायी ठेगाना : खोकना-०३, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ४८०३४<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०६३/०९/०३ |
| २. | **नाम : नन्द माया महर्जन** <br>बाबु : नन्द लाल महर्जन<br>भन्ने सानू नन्द लाल ज्यापु<br>बाजे : कुलमान महर्जन<br>स्थायी ठेगाना : ल.म.न.पा. -२१, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ४३२<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०४१/०४/०७ | **२. नाम : वुद्धि महर्जन** <br>बाबु : गणेश लाल महर्जन<br>बाजे : भानु मान महर्जन<br>स्थायी ठेगाना : खोकना-०९, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ७२<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०४६/०१/१६ |

**धितोको विवरण :** ऋणी ज्ञानी महर्जन र नन्द माया महर्जन समेतको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला सैबु गा.वि.स वडा नं. ९, कित्ता नं ७६२ को क्षेत्रफल ३-३-१-३ (रोपनी), १६३५.५१ ब.मी.को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

दर्ता नं. ३८३२/०६८/६९

सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.

प्रधान कार्यालय: का.म.न.पा.- ३२, कोटेश्वर, फोन नं.: ०१-५१९९०९८, ५१९९४७९
सदस्य सेवा केन्द्र: का.म.न.पा.-१४, कुलेश्वर, फोन नं.: ०१-५१६५२१४, ५१६५२३१
सदस्य सेवा केन्द्र: का.म.न.पा.-२४, इन्द्रचोक, फोन नं.: ०१-५५१४३११, ५५१४३१२

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# जिम्मेवार बन्न छाडेर दल बदल्नमै होड !

कांग्रेस छाडेर एमाले प्रवेश गरेका कपिलवस्तुका वीरेन्द्रकुमार कनौडियाले प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्ने मौका पाए । माघ ३ गते एमाले प्रवेश गरेका उनी कांग्रेस कपिलवस्तु क्षेत्र नम्बर ३ बाट उम्मेदवारका लागि एक्लो नाम सिफारिसमा परेका थिए । कनौडियाले सोही साँझ एमालेबाट कपिलवस्तु क्षेत्र नम्बर ३ को टिकट पाए । कनौडिया यसअघि प्रदेशसभामा कांग्रेसको तर्फबाट लुम्बिनी प्रदेश संसदीय दलको नेतासमेत थिए ।

अघिल्लो निर्वाचनमा सर्लाही-४ बाट स्वतन्त्र उम्मेदवार बनेर प्रतिनिधिसभा सदस्य बनेका अमरेश सिंह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरे । रास्वपा प्रवेश गर्नासाथ उनले सोही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्न टिकट पाए । सोही क्षेत्रमा कांग्रेसबाट निर्वाचित हुँदै आएका अमरेशलाई २०७९ मा उक्त दलले कारबाही गरेको थियो । यसरी नै यो निर्वाचनमा दल अदलबदल गर्नेको संख्या बढ्दो छ । कांग्रेस सभापति गगन थापा होस् या एमाले अध्यक्ष केपी शर्मा ओली । नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल होस् या रास्वपा सभापति रवि लामिछाने, अरु दलबाट आएकाहरूलाई छाती फुलाएर स्वागत गरिरहेका छन् ।

निर्वाचन जति नजिकियो दल फेर्ने प्रवृत्ति बढ्दो छ । जनआक्रोशका कारण भदौ २३ र २४ मा जेन-जी विद्रोह भयो । दलका नेताहरू जनताको आक्रोशलाई सम्बोधन गर्न निर्वाचन हुन लागेको बताउँछन् । तर दलप्रति आक्रोश बढ्नुका एउटा कारण अरु दलबाट आएकालाई सुरुमै अवसर दिनु पनि हो । वर्षौं पार्टीमा दुःख गर्ने इमान्दार र सक्षम नेता कार्यकर्ताले अवसर नपाउँदा तरमाराहरू सधैँ तर मार्न सफल हुन्छन् ।

कुनै व्यक्ति निकै विवादित हुन्छन् । तर आफ्नो दलमा आएपछि ‘सात खुन माफ’ हुन्छ । सुनपानी छर्किएर चोखो बनाएझैं चोखो बनाउने गरिन्छ । यो घटनाले लामो समय पार्टीमा खटेका नेताहरू निराश हुन्छन् । यतिमात्र हैन नजिकबाट नियालिरहेका सर्वसाधारणदेखि कार्याकर्तालेसमेत यस्ता घटना मूल्यांकन गरिरहेका हुन्छन् । जसले गर्दा नै हो, हरेक निर्वाचनमा नयाँलाई मौका दिनुपर्छ भनेर मत बदल्ने गरेको । यसले राजनीतिक दलका नेताहरूको बेइमानीमाथि न्याय त मिल्छ तर राजनीतिक स्थिरता भने पाउँदैन ।


हाम्रो जस्तो मुलुक हरेक निर्वाचनमा यस्तै लहरका कारण प्रताडित हुँदै आएको छ । दलले यस्तो विषय थाहा पत्तो नपाएझैं मौन बसेको देखिन्छ । हुन त हाम्रोमा ‘आफ्नो आङमा भैसी नदेख्ने, अर्काको आङमा जुम्रा पनि देख्ने’ भन्ने उक्ति व्यवहारमै देखिन्छ । अब जनताप्रति र देशप्रति उत्तरदायी हुने हो भने यस्तो अदलीबदली रोक्नुपर्छ । जनताले नरुचाएका नेतालाई आफ्नो दलमा भित्र्याएर फोहोरी राजनीति नगरेकै राम्रो ।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# हरित निर्वाचनको नयाँ अभ्यास



❑ कृष्ण अधिकारी

“

लोकतान्त्रिक प्रक्रियामा वातावरणीय दायित्वलाई बोध हुनेगरी विश्वभरि हरित निर्वाचनको अभ्यासमा जोड दिन थालिएको छ । हरित निर्वाचन केवल भोट हाल्ने नयाँ तरिकामात्र होइन- यो दिगो लोकतन्त्रको भविष्य हो, जसले पृथ्वी तथा नागरिक दुवैलाई लाभ पुग्दछ । सरकारको हरित विकासको रणनीतिलाई आयोगको हरित निर्वाचन अभियानले सहयोग पुग्ने अपेक्षा गरिएको छ । राजनीतिक पार्टीहरू यतिबेला आफ्ना घोषणापत्र तयार गरी मतदाताका घरदैलोमा जाने तरखर गरिरहेका बेला वातावरणप्रति आफ्नो पार्टीको स्पष्ट दृष्टिकोणसहित जान सक्नुपर्छ र मतदाताले पनि यसबारेमा पार्टीहरूलाई खबरदारी गर्न सकेमा हरित निर्वाचन अभियानलाई सफल तुल्याउन सकिन्छ ।

पहिले जतातत्तै पर्चा, पम्पलेट, तुल ब्यानरदेखि चर्को आवाजमा माइकिङका स्वरहरूले निर्वाचन आएको प्रस्ट थाहा हुन्थ्यो । स्थानीय, प्रदेश र संघीय निर्वाचनमामात्र नभई राजनीतिक दलका भ्रातृ संगठन, पेसागत संगठनदेखि सामुदायिक संस्थाहरूका निर्वाचनका प्रचारहरू पनि निकै तामझाम हुने गर्दछन् । निर्वाचन आउनु महिनौंअघिदेखि नेताहरू घरघरमा आउने, चोक, केन्द्रहरूमा आमसभा गर्ने, अनावश्यक भोजभतेर गर्ने, बढीभन्दा बढी मानिस उतारेर जुलुस गर्ने होडबाजी नै हुन्थ्यो । मतदातालाई प्रभावित पार्ने नाममा गरिने यस्ता प्रचारात्मक क्रियाकलापले ठूलो धनराशि खर्च हुनुका साथै वातावरणमा प्रतिकूल असर पार्ने भएकाले पछिल्लो समय क्रमशः निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्न प्रचार सामग्रीलाई व्यवस्थित, फजुल खर्चमा नियन्त्रण र निर्वाचनको प्रचार अवधिलाई कम गरी वातावरणमैत्री अर्थात् हरित निर्वाचनतर्फ जोड दिन थालिएको छ ।

हरित निर्वाचन भन्नाले चुनावी प्रक्रियाको सुरुदेखि अन्त्यसम्म वातावरणीय दृष्टिले दिगो, जिम्मेवार र वातावरणीय प्रभावलाई न्यून गर्ने कार्यहरूलाई बुझाउँछ । निर्वाचनमा अत्यधिक प्रयोग हुने कागजलाई कम गर्न कागजरहित प्रक्रियामा जोड दिन सकिन्छ । आवश्यक परेको ठाउँमा पनि पुनःप्रयोग गर्न योग्य कागजको उपयोग गर्न सकिन्छ ।

त्यस्तै ई-मतदाता कार्ड, ई-ब्यालेटस्, क्युआरमा आधारित भोटिङ प्रणालीलाको अभ्यासलाई अपनाउन सकिन्छ । हरित निर्वाचनले बढ्दो वातावरणीय समस्यालाई कम गर्न निकै मद्दत पुग्दछ । यसमा निर्वाचनमा धेरै प्रयोग हुने कागज, ऊर्जा र यातायातबाट हुने प्रदूषणलाई कम गरी कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न सकिन्छ । कम कागज, कम प्लास्टिक र ऊर्जा बचत हुँदा प्राकृतिक स्रोतको संरक्षणमा योगदान पुग्दछ । त्यतिमात्र होइन, निर्वाचनमा हुने धाँधली, अनियमितता र आर्थिक स्रोतको ठूलो दोहनलाई पनि घटाउन सकिन्छ । डिजिटल र स्मार्ट अभ्यासले लोकतन्त्रमाथि जनताको विश्वासलाई बढाउँछ । साथै, निर्वाचन आयोग, उम्मेदवार र मतदातामा निर्वाचनप्रतिको विश्वास र आस्था बढ्नुले शासन प्रणालीलाई नै पारदर्शी हुन बल पुग्दछ ।

## नेपालमा हरित निर्वाचनको थालनी

नेपालमा निर्वाचनलाई लोकतान्त्रिक र समावेशी बनाउने प्रयास भए पनि वातावरणीय दिगोपना पक्षलाई पर्याप्त ध्यान दिइएको छैन । यसपटक निर्वाचन आयोगले निर्वाचनलाई वातावरणमैत्री बनाउन हरित निर्वाचनको अवधारणालाई अभ्यासमा ल्याएको छ ।

आयोगले एकातिर आफ्ना गतिविधिहरूलाई वातावरणमैत्री अभ्यास गर्ने र अर्कोतिर राजनीतिक दलहरूलाई पनि यसतर्फ लाग्न अभिप्रेरित गरेको छ । हरित निर्वाचन वा ‘ग्रिन इलेक्सन’को अवधारणाअनुरूप आयोगले वातावरणमा हानि पुऱ्याउने कागज, प्लास्टिक, इन्धनजस्ता सामग्रीको न्यूनतम प्रयोग गर्दै डिजिटल, दिगो र प्रदूषणमुक्त माध्यमबाट निर्वाचन सम्पन्न गर्ने लक्ष्य लिएको छ । सकेसम्म प्रदूषण नफैलाउने, प्लास्टिकको कमभन्दा कम प्रयोग गर्ने, डिजिटाइजेसनमा जोड दिने र प्लास्टिकको प्रयोग नगरी नहुने अवस्थामा ४० माइक्रोनभन्दा माथिको प्लास्टिकको सीमित रूपमा प्रयोग गरिनुको साथै प्लास्टिकका सामग्री जस्तैः मतपेटिका, पानीका जार, पानी खाने बोतल, कुर्सी टेबल, टेण्टहरू पुनःप्रयोगमा ल्याउने र भविष्यका लागि पनि पुनःप्रयोगमा जोड दिएको छ ।



स्रोतः निर्वाचन आयोग

राजनीतिक दल तथा उम्मेदवारलाई डिजिटल प्रचार, इलेक्ट्रिक सवारीसाधन र वातावरणमैत्री सामग्री प्रयोग गर्न सुझाव दिएको छ भने प्रचारपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । राजनीतिक दल वा तिनका उम्मेदवारले सभा, जुलुस, ऱ्याली वा घरदैलोलगायतका निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिएपछि उनीहरूले प्रयोग गरेका सामग्री अनिवार्य रूपमा संकलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ । दल र उम्मेदवारले गर्ने निर्वाचन खर्चमा फोहोर व्यवस्थापन र हरित उपायहरूलाई देखाउनुपर्ने गरी खर्चको शीर्षकको व्यवस्था गर्नु आवश्यक छ ।

निर्वाचन ऐन तथा नियमावलीमा हरित निर्वाचनको अवधारणा समावेश भएको छ । त्यसमा वातावरणमैत्री निर्वाचनको अभ्यासलाई कानुनी मान्यता दिइएको छ । निर्वाचन आचारसंहितामा हरित प्रावधान समावेश गरिएको छ । राजनीतिक दलका लागि न्यूनतम् हरित मापदण्ड निर्धारण गरिएको छ भने प्लास्टिक ब्यानर निषेध वा सीमा लगाइएको छ ।

डिजिटल प्रचारलाई प्राथमिकता दिइएको छ । निर्वाचन आचारसंहिता २०८२ को दफा ३६ को खण्ड (छ) अनुसार प्रचारप्रसारमा सम्भव भएसम्म इलेक्ट्रिक वा नवीकरणीय ऊर्जाबाट चल्ने साधन प्रयोग गर्नुपर्ने छ । आचारसंहिताको दफा २ (क ख) मा जैविकरूपमा नष्ट नहुने सामग्रीको न्यूनतम् प्रयोग गरी गरिने दिगो र प्रदूषणमुक्त निर्वाचनका रूपमा हरित निर्वाचनको परिभाषा गरिएको छ । दफा ३६ को खण्ड (क) अनुसार निर्वाचन प्रचारमा वातावरणमैत्री सामग्री मात्र प्रयोग गर्नुपर्ने उल्लेख छ ।

यस्तै खण्ड (ख) ले सभा वा जुलुस गर्दा वातावरणमा हानि नहुने सामग्री प्रयोग गर्न भनेको छ । भौतिक प्रचार सामग्रीको सट्टा डिजिटल माध्यमलाई प्राथमिकता दिनुपर्ने खण्ड (ग) मा उल्लेख छ । खण्ड (घ) बमोजिम ध्वनि र वायु प्रदूषण न्यूनीकरण गर्ने उपायहरू अपनाउनुपर्ने छ । त्यस्तै खण्ड (च) ले प्लास्टिक वा पोलिथिनजस्ता अजैविक सामग्री प्रयोगमा रोक लगाएको छ । ‘निर्वान प्रचारप्रसारका कार्यक्रममा सवारीसाधान प्रयोग गर्दा इलेक्ट्रिक वा नवीकरणकीय ऊर्जाबाट सञ्चालन हुने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने,’ सोही दफाको खण्ड (छ) मा भनिएको छ । प्रचार कार्यक्रम सकिएपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्ने जिम्मेवारी दफा ३६ को खण्ड (ज) ले सम्बन्धित दल वा उम्मेदवारलाई सुम्पेको छ । ‘सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता निवार्चन प्रचारप्रसारका कार्यक्रम सकिएपश्चात् सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरू अनिवार्यरूपमा संकलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने,’ खण्ड (ज) मा भनिएको छ ।

डिजिटल तथा प्रविधिमैत्री निर्वाचन प्रणालीअन्तर्गत डिजिटल मतदाता दर्ता र सूचना प्रणालीको थालनी भएको छ । सामाजिक सञ्जाल, वेबसाइट, मोबाइल सार्वजनिक बहस र ‘भर्चुअल’ संवाद गर्न सकिन्छ । उम्मेदवारहरूलाई छपाइ सामग्रीमा सीमा, पोस्टर/पम्पलेटको संख्या निर्धारण गरिएको छ भने हरित आचारसंहिता उल्लंघन भएमा जरिवाना वा सुविधा कटौतीजस्ता दण्डको व्यवस्था गरिएको छ । पुनःप्रयोगयोग्य कागजको प्रयोगलाई अनिवार्य बनाइएको छ ।

कागजी सूचनाको प्रयोग न्यूनीकरण गरी एसएमएस, मोबाइल एप र वेबसाइटबाट मतदाता जानकारी दिने काम भएको छ । विद्युत् सुविधा पुग्न नसकेका देशका दुर्गम स्थानहरूका मतदान केन्द्रहरूमा हरित मतदान केन्द्रको अवधारणाअनुसार सौर्य ऊर्जायुक्त मतदान केन्द्र स्थापना, न्यून ऊर्जा खपत गर्ने भोटिङ मेसिनको प्रयोग, जैविक र अजैविक फोहोर छुट्याउने ‘रिसाइकल बिन’हरूको व्यवस्था गरी फोहोर व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउन सकिन्छ ।

मतदाताको सुविधाका लागि पैदल वा साइकलबाट पुग्न मिल्नेगरी मतदान केन्द्र नजिकै निर्धारण गर्ने, सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहन गर्ने, निर्वाचन कार्बन अडिटको व्यवस्था गरी कार्बन उत्सर्जन न्यूनीकरणमा जोड दिइएको छ । प्रत्येक निर्वाचनपछि वातावरणीय प्रभाव मूल्यांकन गर्ने नयाँ प्रावधान सुरु गरिएको छ ।

निर्वाचनमा खटिएका कर्मचारीलाई दिइने तालिम, प्रशिक्षण तथा राजनीतिक दल र उम्मेदवारलाई दिइने अभिमुखीकरण कार्यक्रममा हरित निर्वाचनको महत्वका बारेमा अवगत गराउन थालिएको छ । ‘हरित निर्वाचनः जिम्मेवार नागरिक’ सन्देशसहित मतदाता शिक्षा अभियान सञ्चालन गरिएको छ । क्युआर कोडयुक्त डिजिटल कार्डको प्रयोग, कागजी मतपत्र घटाउँदै लैजाने, ई-मतदाता कार्डलाई प्रयोगमा ल्याउनेतर्फ सोचको विकासले आगामी दिनमा अन्य देशमा जस्तै नेपालमा पनि पूर्णरूपमा वातावरणमैत्री निर्वाचन प्रणालीको अभ्यास हुने छ ।

## विश्वव्यापी अभ्यास

जलवायु परिवर्तनले आर्थिक, सामाजिकदेखि वातावरणीय क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विश्वव्यापीरूपमा सचेतना बढ्दै गएको छ । यस क्रममा निर्वाचनलाई पनि वातावरणमैत्री बनाउन विभिन्न प्रयासहरूको थालनी भएका छन् । स्वीडेन, जर्मनी, फ्रान्सलगायतका युरोपका धेरै देशहरूले डिजिटल मतपत्र र अनलाइन मतदानलाई अभ्यासमा ल्याएका छन् । यसले कागजको प्रयोगमा कमी आउनुका साथै प्रचारका कामहरू पनि वातावरणमा स्वच्छता आएको छ । विद्युत्को पहुँच पुग्न नसकेका स्थानहरूमा पनि सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जामार्फत परम्परागत तथा खनिज इन्धनको खपतलाई कम गरिएको छ । मोबाइल/वेबद्वारा मतदातालाई सूचना तथा मतदाता शिक्षा कार्यक्रमहरू सञ्चालन भएका छन् ।

क्यानडा र अमेरिकाजस्ता देशहरूमा पनि ई-भोटिङलाई प्राथमिकता दिइएको पाइन्छ । निर्वाचनसँग सम्बन्धित विज्ञापन पनि डिजिटल स्वरूपमा हुने गर्दछ भने मतदातालाई दिइने सूचना वा प्रचारका विषयहरू इमेल, टेक्स्ट, वेबसाइटमार्फत गर्ने गरिन्छ । उम्मेदवारहरूले आफ्ना धारणाहरू सामाजिक सञ्जाल एवं भिडियो कन्फरेन्सिङ/भर्चुअलका माध्यमबाट राख्ने गर्ने गर्दछन् । निर्वाचनमा प्रयोग भएका कागजातहरू पनि त्यतिकै नष्ट नगरी पुनःप्रयोग वा रिसाइकल गर्न सकिन्छ भन्ने सोचको विकास भएको छ । छिमेकी मुलुक भारतलगायत देशहरूमा पनि विद्युतीय मतदान मेसिनको प्रयोग बढेसँगै कागजको खपतमा कमी आएको छ । मोबाइल एप/सोसल मिडियाहरूमार्फत मतदाता साक्षरताका कार्यक्रम सञ्चालन गरिएका छन् ।

भारतको केरलाको हरित अभियान २०१९ अनुसार केरलाको राज्य निर्वाचन आयोगले दलहरूलाई प्रचारप्रसार अभियानमा एकपटक मात्र प्रयोग हुने प्लास्टिक प्रयोग नगर्न आग्रह गरेको थियो । गोआ राज्यले सन् २०२२ मा विधानसभा निर्वाचन गर्दा ‘नो-प्लास्टिक’ नीति लागू गर्नुका साथै जैविक विविधता बोर्डले स्थानीय कारीगढहरूले बनाएका जैविक सामग्री प्रयोग गरी मतदान केन्द्र निर्माण गर्नुपर्ने निर्णय गरेको थियो ।

श्रीलंकामा कार्बन-संवेदनशील अभियान २०१९ अनुसार प्रत्येक जिल्लामा वृक्षरोपण गरेर उत्सर्जनलाई क्षतिपूर्ति गर्ने काम गरिएको थियो । त्यहाँका राजनीतिक दलले कार्बन ‘सेन्सेटिभ इन्भाइरोमेन्ट फ्रेण्डली क्याम्पियन’ सुरु गरेका थिए । एसएलपिपी दलले विश्वकै पहिलो कार्बन-संवेदनशील अभियानसँगै गाडी र बिजुली प्रयोगबाट निस्कने कार्बन उत्सर्जन मापन गरेको थियो । फिलिपिन्समा निर्वाचन आयोगलगायतका संस्थाहरूले सुरु गरेको ‘इन्भाइरोमेन्टली सस्टेनेबल प्रोपागाण्डा’ निकै प्रभावकारी मानिएको छ । इण्डोनेसियामा डिजिटल प्रचारको प्रयोग र भौतिक प्रचार सामग्री घटाउनेजस्ता कार्यक्रममा जोड दिइएको छ । दक्षिण कोरियामा निर्वाचन व्यवस्थापन तथा राजनीतिक दल तथा उम्मेदवारले गर्ने प्रचारप्रसार कार्यक्रम सूचना प्रविधिमैत्री हुनुपर्ने व्यवस्था छ ।

हाम्रोजस्ता देशका लागि हरित निर्वाचनका लागि भने केही चुनौतीहरू नभएका होइनन् । सबै मतदातासँग इन्टरनेट/स्मार्टफोनको पहुँच नहुँदा निर्वाचनको प्रचारप्रसार र मतदाता शिक्षालाई विस्तृतरूपमा लैजान कठिनाइ हुन्छ । निर्वाचनपछि थुप्रिने प्लास्टिक तथा कागजी फोहोरलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ । निर्वाचनमा करोडौं मतपत्र, पोस्टर, ब्यानरको प्रयोग हुने गर्दछ । हाम्रोजस्ता भौगोलिक विकट भएको मुलुकमा निर्वाचनका लागि आवश्यक सामग्रीहरू प्रत्येक केन्द्र वा बुथसम्म पुऱ्याउन हजारौं सवारीसाधन आवश्यकपर्ने हुँदा ठूलो परिणाममा इन्धनको खपत हुने गर्दछ । अनलाइन भोटिङ गर्दा सुरक्षा जोखिम (ह्याकिङ, डेटा चोरी) को पनि नहोला भन्न सकिन्न । नेता, कार्यकर्ता, मतदातादेखि निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी सबैलाई नयाँ प्रविधिको प्रयोगमा अभ्यस्त बनाउनु पनि उत्तिकै आवश्यक हुन्छ । कानुनीरूपमै डिजिटल मतदानलाई मान्यता दिने गरी नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । कतिपय देशमा अपनाइएका अभ्यासहरू हाम्रो सन्दर्भमा त्यति उपयुक्त नहुन पनि सक्छ । तथापि, हरित निर्वाचनको अभ्यासले निर्वाचन खर्च घट्ने, वातावरणीय क्षति न्यून हुने, अन्तर्राष्ट्रिय छविमा सुधार आउने, युवाको सहभागिता वृद्धि हुने र अन्ततः दिगो लोकतन्त्रको आधार निर्माणमा सहयोग पुग्ने भएकाले यसलाई आत्मसात गर्नु हरेक दृष्टिले उपयुक्त देखिन्छ ।

लोकतान्त्रिक प्रक्रियामा वातावरणीय दायित्वलाई बोध हुनेगरी विश्वभरि हरित निर्वाचनको अभ्यासमा जोड दिन थालिएको छ । हरित निर्वाचन केवल भोट हाल्ने नयाँ तरिकामात्र होइन- यो दिगो लोकतन्त्रको भविष्य हो, जसले पृथ्वी तथा नागरिक दुवैलाई लाभ पुग्दछ । सरकारको हरित विकासको रणनीतिलाई आयोगको हरित निर्वाचन अभियानले सहयोग पुग्ने अपेक्षा गरिएको छ । राजनीतिक पार्टीहरू यतिबेला आफ्ना घोषणापत्र तयार गरी मतदाताका घरदैलोमा जाने तरखर गरिरहेका बेला वातावरणप्रति आफ्नो पार्टीको स्पष्ट दृष्टिकोणसहित जान सक्नुपर्छ र मतदाताले पनि यसबारेमा पार्टीहरूलाई खबरदारी गर्न सकेमा हरित निर्वाचन अभियानलाई सफल तुल्याउन सकिन्छ । *रासस*

मतदाताको मन जित्ने प्रयासमा म्याग्दीका उम्मेदवार

# रोजगारी र प्रविधिका विषय चर्चामा

■ ध्रुवसागर शर्मा

**गलेश्वर (म्याग्दी)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा हिमाली जिल्ला म्याग्दीमा चुनावी सरगर्मी बढ्दै गएको देखिन्छ। बिहानीपख डम्म कुहिरोले ढाकिने गाउँबस्ती दिन छिप्पिँदै जाँदा विस्तारै खुल्दै गएर सफा देखिन थालेसँगै यहाँको चुनावी सरगर्मी पनि तापिलो र रापिलो बन्दै गएको छ। जनभेटघाटका लागि गाउँबस्तीमा पुगेका उम्मेदवारहरूले मतदातालाई रिझाउन अनेकौं प्रकारका तिगडम र हतकण्डा अपनाइरहेका छन्।

निर्वाचन प्रचारप्रसारका क्रममा मतदातालाई ढोग्ने, वृद्धवृद्धाबाट आशीर्वाद लिने, अंगालो हाल्ने, हात समातेर पाँच-सात पाइलासँगै हिँड्ने, दुःखसुखका बारेमा सोधपुछ गर्ने, छोराछोरी र परिवारको हालखबर लिनेजस्ता आत्मीय भाव झल्किने व्यवहार प्रदर्शन गरेर जनता जनार्दनको मन जित्ने प्रयास गरिरहेका छन्। यस्तो लाग्छ चुनाव जितेर गएपछि वा चुनावबाहेकको अरु समयमा यस्तै आत्मीयतापूर्ण व्यवहार जनताप्रति भइदिने हो भने जनतालाई किन दुःख हुँदो हो, नेता र राजनीतिप्रति किन वितृष्णा पैदा हुँदो हो।

उम्मेदवारहरूले देखाएको व्यवहार मौसमी हो भन्ने मतदाताले राम्रोसँग बुझेका छन्। मतदाता उम्मेदवारलाई पेचिला प्रश्न गरिरहेका छन्। सचेत मतदाताले उम्मेदवारलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीति र परिवेशका मुद्दादेखि जेन-जी आन्दोलनपछि उत्पन्न नेपालको अवस्था र यसको निकासका लागि राजनीतिक दल र चुनाव जितेपछि उम्मेदवारको भूमिकाका बारेमा प्रश्न गरिरहेका हुन्छन्। सामान्य मतदाता भने विशेषगरी पुराना रानीतिक पार्टीका उम्मेदवारलाई अहिलेसम्म के गर्‍यौं भनेर आफूले विगतका निर्वाचनमा दिएका मतको हिसाबकिताब मागिरहेका हुन्छन्। तिनै मतदाताहरूसँग नयाँ उम्मेदवार पुग्दा उनीहरूको प्रश्न हुन्छ, 'एक्लै के गर्न सकौला, के गर्छौं तिमीले जितेर भन्ने जस्ता।'

घरदैलो अभियानअन्तर्गत भोट माग्दै गाउँ-गाउँमा पुगेका उम्मेदवारलाई ठूलाठूला आश्वासन होइन जनताका आधारभूत समस्यामा केन्द्रित हुन मतदाताले आग्रह गरेका छन्। एउटामात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा उम्मेदवार बिहानदेखि राति अबेरसम्म टोलटोलमा गई चुनावी प्रचारप्रसारमा व्यस्त देखिन्छन्।

विशेषगरी घरदैलो कार्यक्रमलाई उम्मेदवारले तीव्रता दिएका छन्। जसरी भए पनि नतिजा आफ्नो पक्षमा पार्ने प्रतिस्पर्धामा उत्रिएका उम्मेदवार भ्याइनभ्याइ दौडधूप गरिरहेका छन्। तर मतदाताहरूले भने रोजगारी, बाटोघाटो तथा पुल निर्माण, पर्यटन तथा कृषि क्षेत्रको विकासलगायत विकास निर्माणका कामलाई प्राथमिकतामा राख्नेका पक्षमा मतदान गर्नुपर्ने बताउँदै आएको देखिन्छ।

आश्वासनप्रति भन्दा पनि उम्मेदवारको कार्यशैली, क्षमता तथा इमान्दारीजस्ता पक्षलाई विचार गरेर मतदाता गरिने उनीहरूको भनाइ छ। जनताले भोग्नुपरेका वास्तविक समस्यालाई जसले सम्बोधन गर्छ उसैलाई अवसर दिनुपर्ने भन्दै यहाँका मतदाताहरूले गाउँ-गाउँमा सामूहिक छलफलसमेत गर्न थालेका छन्।

अहिले म्याग्दी अलि बढी चर्चामा छ। शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर स्वतन्त्ररूपमा उम्मेदवार बनेका डा. महावीर पुनका कारण विगतका निर्वाचनभन्दा यसपटकको निर्वाचनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा निकै महत्वका साथ हेरिएको छ। 'अब उही पुरानै पाराको आश्वासन र लोकाचारका कुरामा भोट दिइँदैन, जसले हाम्रा आधारभूत समस्या समाधान गर्ने प्रतिज्ञा गर्दछ उसैलाई यसपटकको निर्वाचनमा भोट हालिन्छ,' बेनी नगरपालिका-२ का मतदाता पूर्णबहादुर खत्रीले भने।

एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा एक स्वतन्त्रसहित विभिन्न राजनीतिक दलका गरी १२ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। नेकपा एमालेबाट हरिकृष्ण श्रेष्ठ, नेपाली कांग्रेसबाट कर्णबहादुर भण्डारी र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट अर्जुनबहादुर थापा उम्मेदवार रहेका छन्। यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट युवराज रोका, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट डम्बरबहादुर सुवेदी चुनावी प्रतिस्पर्धामा छन्।

त्यस्तै, राष्ट्रिय जनमोर्चाबाट छेमबहादुर विक, श्रम संस्कृति पार्टीबाट विनोद राना, नेकपा माओवादीबाट क्षेत्रबहादुर घिमिरे, मंगोल नेसनल अर्गनाइजेसनबाट भीमबहादुर लामा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट देवेन्द्र कामी, नेसनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा र स्वतन्त्रबाट महावीर पुन चुनावी प्रतिस्पर्धामा छन्।

स्वतन्त्र विश्लेषकले यसपटकको निर्वाचनमा म्याग्दीमा कांग्रेस, एमाले, नेकपा र स्वतन्त्र उम्मेदवार महावीर पुनबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान गरेका छन्। यसअघि २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्वीर) ले २४ हजार २१ मत प्राप्त गरेका थिए भने निकटम प्रतिद्वन्द्वी नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार १८९ मत प्राप्त गरेका थिए।


जेन-जी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमकाबीच हुन गइरहेको आसन्न निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीलाई स्वतन्त्र उम्मेदवार डा. पुन चुनौतीका रूपमा रहेको देखिन्छ। यसपटक प्रतिस्पर्धा थप चुनौतीपूर्ण हुने आकलन गरिएको छ। यहाँका मतदाताले प्रत्येक निर्वाचनमा स्वविवेकका आधारमा फरक-फरक दललाई अवसर दिँदै आएको देखिन्छ।

'अहिले साविकका राजनीतिक दलबाट मात्र उम्मेदवार छैनन्, नयाँ दल र स्वतन्त्रबाट उम्मेदवार छन्,' मंगला गाउँपालिका-४ का टेकनाथ सापकोटाले भने, 'अघिल्ला निर्वाचनमा जनतासँग पुराना दलको विकल्प थिएन, तर यसपटक भने जनतासँग विकल्प छ, त्यसैले जसले आधारभूत समस्या समाधानका लागि विश्वास दिलाउँछ उसैलाई मत दिइन्छ।'

जनताको यही मनोभावलाई बुझेर होला उम्मेदवारले पनि मतदाता भेटघाटका क्रममा स्थानीय समस्यालाई नै केन्द्रमा राखेर समाधान गर्ने प्रतिबद्धता जनाउँदै आएका छन्। एक नगरपालिका र पाँच गाउँपालिकामा समेटिएको म्याग्दीमा निर्वाचनका लागि कूल ८६ हजार ३९७ मतदाताले मतदान गर्न पाउने छन्। सोमध्ये अन्य एक जना, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ रहेका छन्। निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएको छ।

यसपटक म्याग्देली जनता राष्ट्रिय राजनीतिमा जिल्लाको भूमिका स्थापित गर्नसक्ने र जनताका आधारभूत समस्यालाई सम्बोधन गर्नसक्ने उम्मेदवारलाई जिताउने मनस्थितिका साथ भेटघाटमा आउने सबैलाई नचिढ्याउने पक्षमा रहेको देखिन्छ। *रासस*

# बैतडीमा ३८७ नाल भरुवा बन्दुक प्रशासनलाई बुझाइयो



**बैतडी (प्रस)**– बैतडीमा ३८७ वटा भरुवा बन्दुक जिल्ला प्रशासन कार्यालयलाई बुझाइएको छ। आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षालाई मध्यनजर गर्दै जिल्ला प्रशासन बैतडीले इजाजत प्राप्त सबै हातहतियार र गोलीगट्ठा फिर्ता बुझाउन आग्रह गरेको थियो।

सोही सूचना बमोजिम अहिलेसम्म ३८७ नाल भरुवा बन्दुक संकलन गरिएको जिल्ला प्रहरी कार्यालय बैतडीका सूचना अधिकारी बल्देव बडूले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी एकाइहरूले प्रहरी परिचालन र सामाजिक सञ्जालमार्फत सूचना प्रवाह गरी बन्दुक संकलन गरिएको उनले बताए।

प्रशासनले माघ ६ गते सूचना प्रकाशित गर्दै माघ २० गतेसम्म इजाजत प्राप्त हातहतियार फिर्ता गरिसक्नुपर्ने उल्लेख गरेको भए पनि सबै हातहतियार फिर्ता गरिएको छैन। निर्वाचन सुरक्षालाई अवस्थालाई मध्यनजर गर्दै विभिन्न व्यक्तिका नाममा रहेका इजाजतप्राप्त हातहतियार बुझाउन सूचनामार्फत आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी विनोद भट्टराईले जानकारी दिए।

यसअघि तोकिएको मितिसम्म इजाजत प्राप्त हातहतियार नबुझाएपछि माघ मसान्तसम्म म्याद थप गरिएको उनले बताए। 'बैतडीमा हातहतियारका लागि एक हजार ८६ इजाजत वितरण गरिएको छ,' सूचना अधिकारी थापाले भने, 'तीमध्ये चालु आर्थिक वर्षमा ४५२ ले मात्रै इजाजत नवीकरण गराएका छन्।' संकलित बन्दुक निर्वाचन अवधिभर सुरक्षितरूपमा राखिने र निर्वाचन सम्पन्न भएपछि सम्बन्धित धनीलाई फिर्ता गरिने प्रहरीले जनाएको छ।

**युएइमा रोजगार** कम्पनी : WELL GATE SCAFFOLDING TRADING COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ LT. No. 338467 चलानी नं. ६०२५२०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder -A Grade-Without CIBT | 30 | 0 | 1500 | ५९,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | कामदार आफैंले | निःशुल्क | कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १५०/०५६/५७

HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

**युएइमा रोजगार** कम्पनी : Emirates National Facilities Management L.L.C.-dubai Branch

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२५ LT. No. 329750 चलानी नं. ६०२४३४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 128 | 3 | 1000 | ३९,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३९,३४८ | | | | | | | |
| 3 | Messenger/reporter | 17 | 0 | 1200 | ४७,२१७ | | | | | | | |
| 4 | Office Boy | 34 | 0 | 1200 | ४७,२१७ | | | | | | | |
| 5 | Storekeeper/merchandiser | 8 | 0 | 1500 | ५९,०२२ | | | | | | | |

कम्पनी : Farnek Manpower Supply Services - Sol Proprietorship L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/०५ LT. No. 338662 चलानी नं. ६०२५२१०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer Worker | 200 | 0 | 1000 | ३९,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## मेथिनकोट अस्पताल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोकको प्रस्तावित १०० शैय्या अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि सार्वजनिक सूचना।

(प्रकाशीत मिति : २०८२।१०।२६ गते, सोमबार)

वागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका, वडा नं ४, भकुण्डेबेशीमा मेथिनकोट अस्पतालद्धारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मेथिनकोट अस्पताल, वागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका, वडा नं ४, भकुण्डेबेशी |
| प्रस्तावको ब्यवहोरा | मेथिनकोट अस्पतालले नमोबुद्ध नगरपालिका, वडा नं ४, भकुण्डेबेशीमा २७°३३'३१.१६" उत्तरी अक्षाशं ८५°३८'५४.६७" पूर्वि देशान्तरमा कित्ता नं. ३०५ को २४७ रोपनी १ आना ३ पैसा १ दाम जग्गा मध्ये पूर्वमा मेथिनकोट खानेपानीको कार्यालय, पश्चिममा जनक माध्यमिक विद्यालय, दक्षीणमा सानो सोती खोलाको सिमाना, उत्तरमा जनक माध्यमिक विद्यालय तथा लामिडाँडा मोटर बाटोको चारकिल्ला रहेको जग्गाबाट जम्मा ३७ रोपनी १५ आना १ पैसा २ दाम (२९ रोपनी अस्पताल संरचना निर्माणका लागि तथा ८ रोपनी १५ आना १ पैसा २ दाम पहुँच सडक निर्माणका लागि) हाल सापारूप सामुदायिक बन उपभोक्ता समुहको उपभोगमा रहेको नेपाल सरकारको बन क्षेत्र अन्तरगत पर्ने सो जग्गाको भोगाधिकार प्राप्त गरी उक्त ठाउँमा सुविधा सम्पन्न १०० शैय्या अस्पताल संचालन गर्ने योजना बनाएको छ। प्रस्तावित अस्पताल भवनको जम्मा सतही क्षेत्रफल ७,३५९.५८ वर्गमिटर हुनेछ। उक्त जग्गामा अक्सिजन प्लान्ट, शव गृह, क्यान्टीन, हेलिप्याड, हरियाली क्षेत्र लगायतका संरचनाहरू हुनेछन्। अस्पतालमा आपतकालिन सेवा, बहिरंग सेवा, जनरल फिजिसियन सेवा, जनरल शल्यक्रिया सेवा, स्त्री तथा प्रसुति सेवा, बाल रोग तथा शिशु सेवा, दन्त चिकित्सा सेवा, हाडजोर्नी सेवा, सामान्य आँखा उपचार सेवा, फिजियोथेरापी सेवा, एनेस्थेसियोलोजी सेवा, रेडियो इमेजिङ्ग सेवा, अल्ट्रासोनोग्राफी, एक्स-रे, इलेक्टो कार्डियोग्राफी, चौविसै घण्टा आकस्मिक सेवा, प्रयोगशाला सेवा, शल्यक्रिया सहितको आकस्मिक सेवा, ब्लड बैंक सहितको रक्त सन्चार सेवा, चौविसै घण्टा फार्मेसी सेवा, सघन उपचार कक्ष इत्यादी सेवाहरू रहनेछन्। |
| प्रस्तावको प्रभावित क्षेत्र | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका, वडा नं ४, भकुण्डेबेशी। |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली वीच के कस्तो प्रभाव पर्छ भनी सो स्थानको न.पा, गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवस्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ।

**राय सुझाव तथा प्रतिक्रिया पठाउन सकिने ठेगाना**

| | |
|---|---|
| प्रस्तावक | मेथिनकोट अस्पताल, वागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका, वडा नं ४, भकुण्डेबेशी<br>सम्पर्क नं. ९७७-०११-४०४०९५, इमेल : methinkothospital@gmail.com |
| परामर्शदाता | इन्भाइरोभिजन कन्सल्टेन्सी प्रा.लि, का.म.न.पा १३, काठमाडौं<br>सम्पर्क नं. ९७७-०१-६२१७७१२, इमेल : vision4environment@gmail.com |

**Gandaki Province Government**

**Ministry of Physical Infrastructure Development & Transport Management**

## Infrastructure Development Office

**Kushma, Parbat**

## Invitation for Bids

**Date of publication: 2026-02-09 AD (2082-10-26 BS)**

We invite online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit e-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Description | Contract ID | Estimated Amount with PS & VAT (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading of Rahale Chowk - Deupur Taapu - Gauda - Beteni Road and Lausibot - Bhuka - Jhilibarang - Sudame Road, Modi RM | IDO/PAR/NCB/W/36/082-83 | 48,72,610.43 | 1,25,000 |
| 2 | Construction/Upgrading of Syanipokhari - Kaphalswanra - Chitre Road, Modi RM | IDO/PAR/NCB/W/37/082-83 | 48,72,668.79 | 1,25,000 |
| 3 | Construction/Upgrading of Melmilap Chowk - Muslim Basti - Hospital Road, Parbat | IDO/PAR/NCB/W/38/082-83 | 24,36,452.04 | 62,500 |
| 4 | Construction / Upgrading of Ratamata Radhakrishna Mandir - Bagaincha - Kalika Ma.Vi. Road, Parbat | IDO/PAR/NCB/W/39/082-83 | 24,36,726.85 | 62,500 |
| 5 | Combined Package for the Construction/Upgrading of Mohanchowk - Phadkedhunga - Ratmata Road, Mohanchowk - Phadkedhunga - Thama - Ratmata - Bhotedanda to Hampal, Kaalanjar Area - Jaljala Road and Damuwa Khola Asphalt to Naagliwang - Loprang - Banau Road, Jaljala - 4 and 8, Parbat | IDO/PAR/NCB/W/40/082-83 | 97,45,288.01 | 2,50,000 |

Bid Document Fee: NRs. 3,000
Bid Submission Deadline: 2026-03-11 AD (2082-11-27 BS) 12:00 PM
Bid Opening Date: 2026-03-11 AD (2082-11-27 BS) 1:00 PM

***Information to deposit the cost of bidding document in Bank:***

**Name of Bank:** Nepal Bank Limited, Kushma
**Office Code No.** 3370142014
**Rajaswa Shirshak No.** 14229

**Name of Office:** Infrastructure Development Office, Parbat
**Office Account No.:** 27302000001001000001

**For Office Chief**

# प्रभाव दैनिक

सोमबार, २६ माघ २०८२ (Monday, 09 February 2026)


## रूपशाला

### लोकनृत्य प्रतियोगितामा आधारभूत विद्यालय प्रथम

विराटनगर महानगरपालिकाको आयोजना तथा श्री माध्यमिक विद्यालय कञ्चनबारीको संयोजनमा आधारभूत तहका विद्यार्थीलाई लक्षित गर्दै अन्तरविद्यालय लोकनृत्य प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा आधारभूत विद्यालय प्रथम, जनता बालआधारभूत विद्यालय विराटनगर-१४ द्वितीय, कान्तिपुर माध्यमिक विद्यालय तृतीय तथा पोलस्टार बोर्डिङ स्कुल चौथो भएका छन् । विजेता विद्यालयलाई क्रमशः २५ हजार, २० हजार, १५ हजार र तीन हजार रूपैयाँ पुरस्कारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ ।



# कलाकर्मीको सम्झनामा अभिनेता 'राते काइँला'

■ भेषराज कार्की




**काठमाडौं–** कलाकर्मीहरूले 'राते काइँला' नामले परिचित अभिनेता सुनिल थापाको निधनले समग्र कलाकारिता जगतमा अपुरणीय क्षति पुगेको बताएका छन् । शनिबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पतालमा पुऱ्याइएका ६८ वर्षीय थापाको दुःखद् निधन भएको थियो ।

प्रारम्भिक जाँच गरेपछि अस्पतालले उनलाई शनिबार बिहान ७ बजेर ४४ मिनेटमा निधन भएको घोषणा गरेको थियो । अभिनेता थापाको आइतबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । नेपालीसँगै भारतीय चलचित्रमा प्रसिद्ध नाम बनेका अभिनेता थापाको निधन चलचित्रकर्मी स्तब्ध भएका छन् । पछिल्लो समय थापाले नेपाली चलचित्र 'राम नाम सत्य' को छायांकन गरिरहेका थिए ।

उक्त चलचित्रमा खलनायकको भूमिका निर्वाह गरिरहेका थापाको छायांकनको अन्तिम दिन शनिबार रहेको उक्त चलचित्रका निर्देशक माइकल चन्दले जानकारी दिए । उनले भने, 'शुक्रबार राति १० बजेसम्म अभिनेता थापा छायांकनमै हुनुहुन्थ्यो । हामीले उहाँको सम्पूर्ण काम शुक्रबार राति नै सकाउने तयारी गरेका थियौं तर उहाँले नै शनिबार बिहान गरौं भनेपछि सारेका थियौं । पछिल्लो समय झण्डै चार हप्तादेखि उहाँले चलचित्रमा काम गरिरहनुभएको थियो ।'

निर्देशक चन्दका अनुसार खलपात्रको भूमिका निर्वाह गरिरहेका थापाको अन्त्येष्टिकै दृश्य शनिबार छायांकन गर्ने तयारी भएको थियो । उनले निर्वाह गरेको खलपात्रलाई चलचित्रका अभिनेता विराज भट्टले 'राम नाम सत्य' को छायांकन गर्ने दृश्य थियो ।

निर्देशक चन्दले भावविह्वल हुँदै भने, 'चलचित्रमा उहाँलाई जलाउने दृश्य खिच्नु थियो । हामीले केही दिनदेखि द्वन्द्वका दृश्य छायांकन गरिरहेका थियौं, सोही कारण एकहप्तादेखि निरन्तर छायांकनमा संलग्न थियौं । उहाँले शनिबार बिहान ६ बजेदेखि १० बजेसम्म छायांकन गरेर एउटा पारिवारिक समारोहमा सहभागी हुनुपर्ने कुरा बताउनुभएको थियो । शुक्रबार बेलुका नियमितरूपमा छुट्टिएका थियौं, त्यो नै अन्तिम भेट भयो ।'

उनीसँगै चलचित्रमा अभिनय गरिरहेका अभिनेता प्रशान्त ताम्राकारले अभिनेता थापाको निधनलाई पत्याउन गाह्रो भइरहेको बताए । 'शनिबार बिहान हामी अभिनेता थापालाई छायांकनका लागि कुरिरहेका थियौं, अचानक उहाँ नरहेको खबर आयो । मैले चलचित्र 'राम नाम सत्य' मा पहिलो दृश्य उहाँसँगै दिएँ, हिजो बेलुकी अन्तिम दृश्य पनि उहाँसँगै भयो । उहाँले मलाई छायांकन अवधिभर प्रोत्साहन गरिरहनुभयो, आफ्नो अनुभवले हामीलाई मार्गनिर्देश गर्नुहुन्थ्यो,' अभिनेता ताम्राकारले भने ।

अभिनेता भुवन केसीले चलचित्र क्षेत्रले देशकै अब्बल कलाकार गुमाएको प्रतिक्रिया दिए । नेपालीसँगै भारतीय चलचित्रमा स्थापित भएका अभिनेता थापा आफ्नो एक असल मित्र रहेको उनले बताए । 'अभिनेता थापा मेरा लागि कलाकारभन्दा पनि असल मित्र हुनुहुन्थ्यो । चलचित्र 'चिनो' मा पहिलोपटक काम गरेयता हामीले थुप्रै चलचित्रको सेटमा कयौं अन्तरंग क्षण बिताएका थियौं । मैले निर्माण गरेका चलचित्रहरू 'सपना' देखि 'क्याप्टेन' सम्म हामीले सहकार्य गरेका छौं । उहाँ र म अर्कालाई भेट्दा सधैं के छ दोस्त भनेर सोध्थ्यौं । उहाँको बिदाइले हामीलाई अपुरणीय क्षति पुगेको छ,' अभिनेता केसीले भने ।

अभिनेता राजेश हमालले अभिनेता थापालाई एक अद्भूत क्षमता भएका सहकर्मीका रूपमा स्मरण गरिरहने बताएका छन् । उनले सामाजिक सञ्जालमार्फत अभिनेता थापाले कलाकारितामा देखिएको रिक्तता कहिल्यै भरिन नसक्ने उल्लेख गरेका छन् । 'नेपाली चलचित्रको इतिहासमा तपाईं एउटा महत्त्वपूर्ण मोड हुनुहुन्छ । मेरो चलचित्र यात्रा तपाईंप्रति समर्पित गर्दछु । तपाईंको अभाव सधैं महसुस हुने छ,' अभिनेता हमालले उल्लेख गरेका छन् ।

नेपाली चलचित्र 'चिनो'मार्फत अभिनेता थापालाई नेपाली चलचित्रमा स्थापित गराएका निर्देशक तुलसी घिमिरेले पात्रलाई जीवन्त बनाउन सक्नु नै उनको खुबी रहेको बताए । 'अभिनेता थापाले आफ्नो कामलाई सधैं गम्भीरतापूर्वक लिएर सम्पन्न गर्न मिहेनत गरे । पछिल्लो समय मैले चलचित्र 'पहाड' मा उहाँसँग काम गरेँ, उहाँका मिहेनत भाव देखेर म खुसी थिएँ । हामीले उनको दृश्यलाई समावेश गरेर प्रचार गर्न श्रव्यदृश्य (टिजर) तयार गरेका थियौं, त्यही देखाउने सल्लाह हुँदै थियो, अचानक दुःखद् खबर सुनेँ । उहाँको अनुपस्थिति हामी चलचित्रकर्मीलाई महसुस हुने छ,' निर्देशक घिमिरेले भने । *रासस*


### लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७०-०४-३१ मा दर्ता भएको प्रा.लि.नं. ११५२४२ को इभेन ट्रिक्स (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८२।१०।२५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर, श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७, फोनः ९८५११६३७२३**

### लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०६५-०६-१७ मा दर्ता भएको प्रा.लि.नं. ५६७३६ को शिरान टेक्नोलोजिज (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८२।१०।१४ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर, श्री रमेश हरि अधिकारी**
**इजाजत पत्र नं. ५४७, फोनः ९८४२६३८३६७**

### लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७७-०८-०८ मा दर्ता भएको प्रा.लि.नं. २४७८३६ को फिट इन्टरनेशनल (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८२।१०।२५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर, श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७, फोनः ९८५११६३७२३**

### लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०६१-०४-२७ मा दर्ता भएको प्रा.लि.नं. ३०२७९ को कोजेन्ट हेल्थ (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८२।०९।२० गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर, श्री रमेश हरि अधिकारी**
**इजाजत पत्र नं. ५४७, फोनः ९८४२६३८३६७**

## Narpa Bhumi Rural Municipality
## Office of the Rural Municipal Executive
### Chyankhu, Manang
Gandaki Province, Nepal

### Invitation for Sealed Quotation

**(First date of Publication: 2082/10/26 (09 February 2026))**

